# कोहलपुर नगरपालिकाको श्वेतपत्र २०७९


कोहलपुर नगरपालिकाको कार्यालय

कोहलपुर-११, बाँके

फोनः +९७७ ८१ ५४०००९

इमेल : info@kohalpurmun.gov.np

kohalpurmun@gmail.com

# खण्ड १: प्रारम्भिक

## १.१ कोहलपुर नगरपालिकाको संक्षिप्त परिचय

कोहलपुर नगरपालिका लुम्बिनी प्रदेश को बाँके जिल्लामा पर्दछ । कोहलपुर नगरपालिकाको नामकरण तेल पेल्ने "कोल"बाट रहन गएको मानिन्छ । वि.सं.२०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम साविकको कोहलपुर गाविस र रझेना गाविस गाभेर यस नगरपालिकाको स्थापना भएको र वि.सं. २०७१।२।७ देखि औपचारिक रूपमा नगरपालिकाको हैसियतमा कार्य प्रारम्भ गरिएको थियो। त्यसपछि वि.सं. २०७३ मा समशेरगन्ज गाविसको केही भाग समेत यस नगरपालिकामा गाभिएर हालको कोहलपुर नगरपालिका स्थापना भएको हो।

यस नगरपालिकाको भौगोलिक अवस्थिति २८ डिग्री ७ मिनेट १२ सेकेण्ड देखि २८ डिग्री १८ मिनेट ५४ सेकेण्ड उत्तरी अक्षांस, ८१ डिग्री ३८ मिनेट २४ सेकेण्ड देखि ८१ डिग्री ४९ मिनेट ५१.६ सेकेण्ड पूर्वी देशान्तर साथै संघीय राजधानी काठमाडौदेखि ५३५ किलोमिटर, प्रस्तावित प्रदेश राजधानी देउखुरी दाङ्गदेखि १३५ किलोमिटर र अस्थायी मुकाम बुटवलदेखि २३१ किलोमिटर पश्चिममा रहेको छ भने बाँके जिल्ला सदरमुकाम नेपालगंजदेखि १६ किलोमिटर उत्तरमा पर्दछ। यो नगरपालिका नेपालको मध्यपश्चिम तराई क्षेत्रमा पर्दछ । यस नगरपालिकाको कुल क्षेत्रफल १८४.२६ वर्ग की.मी. र राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार कूल जनसंख्या १,००,२८९ छ । कोहलपुर नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, पश्चिममा बैजनाथ गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको चुरे पहाड श्रृंखला र दक्षिणमा जानकी गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिका पर्दछन। यस नगरपालिकामा जम्मा १५ वटा वडाहरु रहेका छन।

कोहलपुर नगरपालिकाको नगर वस्तुगत विवरण, २०७४ अनुसार कोहलपुर नगरपालिकाको कुल जनसङ्ख्यामध्ये नेपाली भाषी ६९.२४ प्रतिशत, थारु २४.५१ प्रतिशत, अवधि ४.७ प्रतिशत,

हिन्दी १.१ प्रतिशत र मगरखाम, मैथिली, डोटेली, गुरुङ, भोटे र अन्य १ प्रतिशत भन्दा कम रहेका छन।1

हावापानीका हिसावले कोहलपुर नगरपालिका उपोष्ण कटिबन्धीय (subtropical) क्षेत्रमा पर्दछ। यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ग्रिष्म ऋतुमा ४६ डिग्री र न्यूनतम तापक्रम हिउँदमा ४ डिग्री सेल्सियस सम्म पुग्छ। यहाँ वार्षिक सरदर १९१२ मि.मि. वर्षा हुने गर्दछ भने सापेक्षित आद्रता औषत ७१.४ प्रतिशत रहन्छ।

## १.२ पृष्ठभूमि

नेपाली जनताद्वारा गरिएको एक्काइस दिने बलिदानीपूर्ण जनआन्दोलन र दश वर्षे जनयुद्धको उपजका रुपमा एकसय तीस वर्षे निरंकुश राजतन्त्रको पतन र संघीय लोकतान्त्रिक गणतन्त्रको उदय पश्चात २०७२ सालमा नेपालको संविधान जारी भएपछि मुलुक औपचारिक रुपमा संघीय संरचनामा रुपान्तरण भएको छ। सो बमोजिम हाल नेपालमा ७५३ वटा स्थानीय तहहरु रहेका र बाँके जिल्लामा ८ वटा स्थानीय तहहरु रहेका छन। बाँके जिल्लामा रहेका एक उपमहानगरपालिका, एक नगरपालिका र ६ वटा गाउँपालिका मध्येको कोहलपुर नगरपालिका एकमात्र नगरपालिका हो। नेपालको संविधान जारी भै मुलुक संघीयतामा प्रवेश गरेसँगै केन्द्रिकृत रुपमा सिंहदरबारमा मात्र सीमित अधिकार तथा विकासका अवसरहरु संवैधानिक रुपमै जनताको घरदैलो सम्म लैजाने माध्यमका रुपमा स्थानीय सरकार अर्थात स्थानीय तहहरु रहेका छन। नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार अन्तर्गत २२ वटा अधिकारहरु तथा अनुसूची ९ मा संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारहरु सूचीकृत रहेका छन।[2] संविधानद्वारा स्थानीय तहहरुलाई प्रदत्त यिनै अधिकार तथा जिम्मेवारी पूरा गर्नका लागि साथै जनताको सुसूचित हुने अधिकारको प्रवर्द्धन र संवर्द्धन गर्नका लागि नगरपालकाको यथार्थ वस्तुगत अवस्था चित्रण गर्नका लागि यो कोहलपुर नगरपालिकाको स्वेतपत्र तयार गरी जारी गरिएको छ।

---

1 www.kohalpurmun.gov.np/ne/संक्षिप्त-परिचय, २०७९।६।१२

2 नेपालको संविधान पृष्ठ १८२ र १८३

विगत लामो समय सम्म स्थानीय स्वायत्त शासन ऐन अन्तर्गतका स्थानीय निकायहरु समेत जनप्रतिनिधी बिहीन अबस्थामा रहेका कारण विकास र समृद्धि प्रतिको जनताको चहना स्थगन भैराखेको परिप्रेक्षमा वि.सं. २०७४ सालमा स्थानीय तहको ऐतिहासिक प्रथम निर्वाचन भै जनताको अभिमतद्वारा पहिलो जननिर्वाचित स्थानीय सरकार गठन भएको र सो निर्वाचनद्वारा निर्वाचित जनप्रतिनिधीहरुको निर्धारित पाँच वर्षे कार्यकाल पूरा भई पुनः अर्को पाँच वर्षे कार्यकालका लागि स्थानीय तहको दोस्रो निर्वाचन यसै वर्ष सम्पन्न भई नयाँ नगर कार्यपालिका समेत गठन भैसको छ। यस परिवर्तित परिस्थितिमा पहिलो कार्यपालिकाले आफ्नो पाँच वर्षे कार्यकालमा नगरपालिकाको विकास र समृद्धिका लागि गरेका कामहरुको समीक्षा गरी यथार्थ वस्तुगत अवस्था प्रस्तुत गर्नु आवस्यक हुन्छ। यो वर्ष नै नवगठित नगर कार्यपालिकाको आधार वर्ष पनि हो। त्यसकारण पनि नगरपालिकाको वर्तमान अवस्थाको पहिचान र अभिलेखिकरण बिना आगामी वर्षहरुमा यस कार्यपालिकाले गरेका कार्यहरुको वस्तुपरक मूल्यांकन गर्न समेत कठिन हुने भएकोले यो स्वेत पत्र तयार गरि जारी गर्नु अपरिहार्य रहेको छ।

कोहलपुर नगरपालिका लुम्विनी प्रदेशको एक उदियमान र तीव्र रुपमा शहरीकरण भैरहेको नगर मात्रै नभै कर्णाली प्रदेशको प्रवेश द्वार पनि हो। एकातिर केबल बीस किलोमिटरको दूरिमा अन्तर्राष्ट्रिय सिमाना र पूर्वपश्चिम राजमार्गमा पर्ने शहर भएका कारण यस नगरपालिकामा कैयौं अवसरका साथै चुनौतिहरु समेत रहेका छन। यिनै निहित चुनौतिहरुको सामना गर्दै अवसरहरुलाई ग्रहण गर्न सक्ने हो भने यो नगरपालिका देशकै एक नमुना नगरका रुपमा स्थापित हुने कुरामा कुनै शंका छैन। यसै परिप्रेक्षमा हालको नगर कार्यपालिका गठन हुनुपूर्वको नगरपालिकाको यथार्थ अवस्थाको समीक्षा र मूल्यांकन गरी नयाँ कार्यपालिकाले तय गर्नुपर्ने विकासको यात्रा र मार्गको पहिचान गर्न अपरिहार्य रहेको पृष्ठभूमिमा यो स्वेत पत्र तयार गरी जारी गरिएको छ।

### १.३ उद्देश्य

यस श्वेत पत्र प्रकाशन गर्नुका उद्देश्यहरु निम्न बमोजिम रहेका छन।

- नगर कार्यपालिकाको पहिलो कार्यकालको कामहरुको समीक्षा गर्नु

- नगरपालिकाको वर्तमान यथार्थ वस्तुगत अवस्थाको चित्रण गरि नगरबासी जनता एवं सरोकारवाला निकाय तथा व्यक्तिहरुसमक्ष पारदर्शी रुपमा प्रस्तुत गर्नु
- नवगठित वर्तमान नगर कार्यपालिकाको भावि कार्यदिशा तथा मार्गचित्र प्रस्तुत गर्नु

## १.४ श्वेत पत्र तयारी विधि तथा प्रकृया

यस श्वेत पत्रमा तथ्याङ्क संकलनको प्राथमिक श्रोतका रुपमा स्थालगत अध्ययन अवलोकन, बैठक तथा छलफल र नगर कार्यपालिका सदस्यहरु लगायत विशिष्ट व्यक्तिहरुसँग अन्तरवार्ता जस्ता उपकरणहरुको प्रयोग गरिएको छ भने द्वितीय श्रोतका रुपमा संविधान, कानुनी तथा नीतिगत दस्तावेजहरु, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन, आर्थिक सर्वेक्षण २०७८/०७९, कोहलपुर नगरपालिकाको नगर वस्तुगत विवरण २०७४, नगरपालिकाको नीति, वजेट तथा कार्यक्रम २०७९/०८०, नगरपालिकाको वेबसाइट र नगरपालिकाका विभिन्न शाखागत रुपमा प्राप्त तथ्यांक तथा सूचनाहरुलाई उपयोग गरी विभिन्न विषय तथा क्षेत्रका विज्ञरुद्वारा तथ्यांक संकलन, प्रशोधन र विश्लेषण गरी श्वेत पत्रको मस्यौदा तयार गरिएको छ। मस्यौदालाई नगरस्तरीय सुझाव संकलन छलफलको आयोजना गरी प्रमुख विषयवस्तु तथा विवरण सरोकारवालाहरू समक्ष प्रस्तुत गरी राय सुझाव संकलन गरिएको छ। यसरी प्राप्त राय सुझाव तथा विज्ञहरुको परामर्श लाई समेत समावेश गरी नगरपालिकाको श्वेत पत्रको अन्तिम दस्तावेज तयार भएको छ।

# खण्ड २: भौतिक पूर्वाधार क्षेत्र

## २.१ नगर गौरवका आयोजना

कोहलपुर नगरपालिकाको निवर्तमान नगर कार्यपालिकाले आ.व. २०७५/०७६ मा ५३ वटा ठूला तथा नगरका गौरवका कार्यक्रम घोषणा गरेको थियो। यी कार्यक्रमहरुको लागि सो आर्थिक वर्षका लागि रु. 15,26,37,805.०९।÷ बजेट समेत विनियोजन गरिएको थियो । सो बजेट संघीय सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड र सशर्त अनुदान तथा प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड साथै नगरपालिकाको आन्तरिक स्रोतबाट ब्यहोर्ने गरी स्रोतको व्यवस्थापन समेत गरिएको थियो।

| सि.नं. | कार्यक्रमको विवरण | वजेट | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १ | कोहलपुर वडा नं.०२, स्थित तेरह विघामा खेलकूद मैदान निर्माण | ७,५००,०००।०० | १ वटा | |
| २ | गोलपार्कमा घण्टाघर निर्माण क्रमागत | ६,०००,०००।०० | १ वटा | |
| ३ | त्रिमावि हुदै गोल्छासम्म ढल निर्माण क्रमागत | २,०००,०००।०० | २०० मिटर | |
| ४ | महेन्द्र राजमार्गको डुडुवा देखि रोहणी खोलासम्म ढल निर्माण क्रमागत | ५,०००,०००।०० | ५०० मिटर | |
| ५ | चप्परगौडी कालिका मन्दिर देखि भरैया जोडने बाटो कालोपत्रे | ४,०००,०००।०० | ३०० मिटर | |
| ६ | कृष्ण मा.वि.वर्दहवा त्रिपुरागण सम्म जोडने बाटो कालोपत्रे क्रमागत | ४,५००,०००।०० | ४०० मिटर | |
| ७ | मैटहवादेखि उत्तर शान्तिनगर विकास नगर हुदै किरननालासम्म जोड्ने वाटो कालोपत्रे गर्ने क्रमागत | २,५००,०००।०० | ३०० मिटर | |
| ८ | बन्दादेखि चटार त्रिमावि मानन्धरको घर सम्म जोडने वाटो कालोपत्रे गर्ने क्रमागत | ३,५००,०००।०० | ३०० मिटर | |
| ९ | वडा नं.६को वाटो कालोपत्रे गर्ने क्रमागत | ४,०००,०००।०० | ४०० मिटर | |
| १० | वडा नं. ४ को गोहवा गाउँ हुदै रफेना जोडने वाटो कालोपत्रे गर्ने | ३,५००,०००।०० | ३०० मिटर | |
| ११ | वडा नं १४को हवलदारपुर हुदै ७ नं. वडाको लखना, रजगढवा कम्दीसम्म जोडने बाटो कालोपत्रे गर्ने क्रमागत | ५,५००,०००।०० | ५०० मिटर | |
| १२ | वडा नं. १ कौशिलानगर ख लाइन बाटो कालोपत्र | ४,५००,०००।०० | ४५० मिटर | |
| १३ | पिपरी चौकदेखि पश्चिम हुदै फण्डहवा गाउँसम्म जोडने वाटो कालोपत्रे क्रमागत | ३,५००,०००।०० | ४०० मिटर | |

| | | | | |
|---|---|---|---|---|
| १४ | महेन्द्र राजमार्ग वडा नं. ५ को वडा कार्यालय अगाडी हुदै रझेना जोडने वाटो कालोपत्रे क्रमागत | ३,५००,०००।०० | ३५० मिटर | |
| १५ | चौधरियासम्म जोड्ने बाटो कालोपत्रे क्रमागत | ३,५००,०००।०० | २५० मिटर | |
| १६ | तटबन्धन वडा नं.८ झरकट्टी , वडा नं.१०, ०३, ७ नं. को जमुनी चोक, प्रसादीपुर र १२ नं. मसुरी खेत बाँसको बुटा, १५ न को पेडारी र १३ नं. वडाको भरैया जमुना घार | ६,५००,०००।०० | ५०० मिटर | |
| १७ | किरननाला पशुपति मन्दिर देखि विकास नगर जाने बाटो कालोपत्र | ३,५००,०००।०० | ३०० मिटर | |
| १८ | १४ र १५ नं.को वडा कार्यालय अगाडीबाट बौद्ध विहार जाने बाटो कालो पत्रे क्रमागत | २,५००,०००।०० | २५० मिटर | |
| १९ | ह्युम पाईप खरिद | २,५००,०००।०० | १०० वटा | |
| २० | ग्राभेल खरिद ( कार्यपालिकाको निर्णय अनुसार प्रत्येक वडालाई रु.६५,०००। -का दरले बाँकि रु.९०,०००। - वडा नं.७ लाई) | १,०००,०००।०० | ३०० घनमिटर | |
| २१ | सानो डुडुवा पुल निर्माण कार्य १ क्रमागत नाली निर्माण | ५००,०००।०० | १०० मिटर | |
| २२ | विराट खानेपानी आयोजनालाई खानेपानी लाईन विस्तारमा सहयोग | ८००,०००।०० | १।०० | |
| २३ | मदनचौक खानेपानी आयोजनालाई पूर्वाधार निर्माणमा सहयोग | ५००,०००।०० | १।०० | |
| २४ | शंसेरगंज खानेपानी आयोजनालाई पूर्वाधार निर्माणमा सहयोग | ५००,०००।०० | १।०० | |
| २५ | समपूरक कोष कोहलपुर १ देखि १५ सम्म | ९,४६८,८५४।०० | १।०० | |
| २६ | वडा नं.२ को वडा कार्यालय निर्माण | ४,५००,०००।०० | १।०० | |
| २७ | कन्टिन्जेन्सी कोहलपुर १ देखि १५ सम्म | २,६००,०००।०० | १।०० | |
| २८ | योग तथा प्राकृतिक चिकित्सालय अस्पतालको भवन निर्माण गर्ने | १,०००,०००।०० | १।०० | |
| २९ | नगरपालिकाको भवन निर्माण | ६,०००,०००।०० | १।०० | |
| ३० | बाबानगर चोक देखी मन्दिर सम्म जोडने बाटो करिब ३०० मिटर कालोपत्र | २,७००,०००।०० | २०० मिटर | |
| ३१ | विभिन्न स्थानमा रहेको सार्वजनिक जग्गा संरक्षण | ५००,०००।०० | ५।०० | |
| ३२ | बन्यजन्तु र मानब बिचको द्धन्द न्युनिकरणका लागी तारबार | १,०००,०००।०० | १०० मिटर | |
| ३३ | सित्तल नगर देखि नहर सम्मको बाटो कालोपत्रे | २,८००,०००।०० | ३०० मिटर | |
| ३४ | वडा नं १२ र १३ जोडने रोहणी खोलामा फलामे पुल निर्माण | १,०००,०००।०० | १।०० | |

| | | | | |
|---|---|---|---|---|
| ३५ | महेन्द्र राजमार्ग देखि चन्नहवा जोडने बाटो कालोपत्रे गन | २,५००,०००।०० | २०० मिटर | |
| ३६ | लागत साझेदारी कायकम ( न्युनतम ३० प्रतिशत लागत साझेदारी) | ६,५३२,३९०।०० | १००० मिटर | |
| ३७ | गोहवा गाउँको पुल निर्माण | ५००,०००।०० | १।०० | |
| ३८ | वागेश्वरी बहुमुखि क्याम्पसको पुर्वाधार निर्माणमा सहयोग | ८००,०००।०० | १।०० | |
| ३९ | पुल निर्माण तथा मर्मत | ५००,०००।०० | १।०० | |
| ४० | डाईनामिक मा.वि. देखि हाईवे जोडने नाली निर्माण | ७००,०००।०० | १५० मिटर | |
| ४१ | उद्योग वाणिज्य संघ संग साझेदारी कार्यक्रम | ५००,०००।०० | १।०० | |
| ४२ | रत्न राजमार्ग देखि पश्चिम हुदै महेन्द्र राजमार्ग जोडने वाटो ग्राभेल तथा माटो फिलिङ्ग | ८००,०००।०० | १।०० | |
| ४३ | मानन्धरको घर देखि त्रिमावि चोक सम्म जोडने ढल निर्माण | ५००,०००।०० | ५० मिटर | |
| ४४ | नगर सभाहल निर्माण | ५,०००,०००।०० | १।०० | |
| ४५ | अर्न्तराष्टिय क्रिकेट मैदानमा चेन्जिङ्ग रुम निर्माण | ५००,०००।०० | १।०० | |
| ४६ | गोहवा गाउँमा थारु सामुदायिक भवन निर्माण | ५००,०००।०० | १।०० | |
| ४७ | त्रिमावि रझेना हुँदै बेडनपुर जोडने बाटो कालोपत्रेत्रे आ.व.:०७४र०७५ को टेण्डर भएको भुक्तानी दिन बाँकी | ६,३००,०००।०० | १।०० | |
| ४८ | आ.व. : ०७४ र०७५ को टेण्डर भएको भुक्तानी दिन बाँकी कर्भड हल निर्माण | २,५४०,७८९।०० | १।०० | |
| ४९ | आ.व. : ०७४ र ०७५ को टेण्डर भएको भुक्तानी दिन बाँकि गोलपार्कमा | १,६६६,३०६।०० | १।०० | |
| ५० | आ.व. : ०७४ र ०७५ को टेण्डर भएको भुक्तानी दिन बाँकि अकलघरवा बरको बोट देखि | १,६०३,३११।०० | १।०० | |
| ५१ | आ.व. ०७४ र०७५ को टेण्डर भएको भुक्तानी दिन बाँकी बसपार्कको डिपिआर निर्माण | ७००,०००।०० | १।०० | |
| ५२ | आ.व. : ०७४ र ०७५ को टेण्डर भएको भुक्तानी दिन बाँकी पीपरी सरसवती चौकमा पार्क निर्माण एवं बाटो कालो पत्रे | १,४६८,९६३।०० | १।०० | |
| ५३ | आ.व. : ०७४र०७५ का योजनाहरुको भुक्तानी दिनुपर्ने दायित्व (विराट खानेपानी आयोजना लगाएत) | ६,१५७,१९२।१० | १।०० | |
| | **जम्मा** | **१५२,६३७,८०५।१०** | | |

## २.२ सडक तथा यातायात

**सडक**

पूर्वाधार विकासको मुख्य आयाम नै सडक हो भने समग्र विकासको पूर्वाधार पनि सडक हो। कोहलपुर नगरपालिका क्षेत्र भित्र आर्थिक वर्ष २०७८/०७९ सम्म अर्थात निवर्तमान कार्यपालिकाको कार्यकालमा कूल सडकको लम्वाई ३८९.८३ किलोमिटर[3] रहेको छ। आर्थिक वर्ष २०७८/०७९ सम्म कालोपत्रे सडक ३९९४ मिटर, पीसीसी/आरसीसी सडक १८५ मिटर, ग्राभेल सडक  २३२७२.८ मिटर र कच्ची सडक (माटो पटान) ११५० मिटर रहेको छ। यो विवरण सबै प्रकारका सडक (राष्ट्रिय राजमार्ग, फिडर सडक, जिल्ला सडक, शहरी सडक र ग्रामीण सडक) को हो। यस समयावधीमा ४४४८.२ मिटर पक्कि नाली निर्माण कार्य समेत सम्पन्न भएको छ।[4]

**आर्थिक वर्ष २०७८/०७९ सम्म नगरपालिका क्षेत्रभित्र निर्मित सडक सञ्जालको विवरण**

| सि.नं. | सडकको विवरण | जम्मा लम्बाई (मिटर) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कालोपत्रे सडक | ३९९४ | १३.९६ | |
| २ | पीसीसी/आरसीसी सडक | १८५ | ०.६५ | |
| ३ | ग्रावेल सडक | २३२७२.८ | ८१.३७ | |
| ४ | कच्ची सडक | ११५० | ४.०० | |
| | **कूल जम्मा लम्बाई** | **२८६०१.८** | **१००** | |

स्रोत: पूर्वाधार तथा योजना शाखा, आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रगति समीक्षा

तथ्यांक बमोजिम आर्थिक वर्ष २०७८/०७९ मा अर्थात निवर्तमान कार्यपालिकाको कार्यकालमा कोहलपुर नगरपालिकामा जम्मा १४.६१ प्रतिशत सडक मात्र कालोपत्रे र आरसीसी भएको देखिन्छ भने कूल सडकको ८१.३७ प्रतिशत सडक ग्रावेल भएको अवस्था छ।

**यातायात**

यातायातका दृष्टकोणले कोहलपुर नगरपालिका सुविधायुक्त र सम्पन्न रहेको छ। यस नगरपालिका कार्यपालिकाको कार्यालय पूर्वपश्चिम राजमार्ग र रत्न राजमार्गसँगै जोडिएको छ अर्थात कोहलपुर चौराहासँगै अवस्थित छ। यस नगरपालिकाका सबै वडा तथा टोलहरु सडक सञ्जालले जोडिएका छन। पूर्व पश्चिम राजमार्गमा सुविधा सम्पन्न बसपार्क समेत यहाँ रहेकोले देशका सबै प्रमुख

[3] कोहलपुर नगरपालिकाको नगर बस्तुगत विवरण, २०७४
[4] पूर्वाधार तथा योजना शाखा, आ.व. २०७८।७९ को वार्षिक प्रगति समिक्षा

शहर र विभिन्न जिल्लाहरु सँग सहज पहुँच रहेको छ। सडक यातायात मात्र नभई यस नगरपालिकाले हवाई यातायातको समेत सुविधा सहज रुपमा उपभोग गरिरहेको अवस्था छ। नेपालगञ्ज राँझा विमानस्थल यस नगरपालिकाको केन्द्र अर्थात कोहलपुर चौराहदेखि जम्मा १३ किलोमिटर ६ लेन सडकको दूरीमा रहेको छ। यहाँबाट काडमाडौं, पोखरा, जुम्ला, मुगु, बाजुरा लगायतका विभिन्न स्थानहरुमा नेपाल वायु सेवा निगम र अन्य निजी कम्पनीद्वारा सञ्चालित विमानहरुले उडान भर्ने गरेका छन।

कोहलपुरबाट नेपालगन्ज, कर्णाली प्रदेश, पश्चिमको सिमाना कन्चनपुर गड्डाचौकी र पूर्वमा बुटवल, नारायणघाट हुँदै काठमाडौलगायत पूर्वी नेपालका विभिन्न शहरहरु जाने पक्की सडक यातायातको सुविधा छ। यहाँबाट सुर्खेत ८५ किलोमिटर, महेन्द्रनगर २०० किलोमिटर र काठमाडौ ५३५ किलोमिटरको दूरीमा पर्दछन। कोहलपुरमा पूर्वपश्चिम महेन्द्र राजमार्ग तथा नेपालगन्जबाट सुर्खेत हुँदै कर्णाली प्रदेश जाने रत्न राजमार्ग मिल्ने चारवटा बाटोको संगम (चौराह) रहेको छ। त्यसैले कोहलपुरलाई यातायात सुविधाका हिसाबले महेन्द्र राजमार्गबाट सुदुर पश्चिम तथा कर्णाली प्रदेश जाने प्रवेशद्वारका रुपमा लिइन्छ। कोहलपुर नगरपालिका क्षेत्रभित्र समेत एक ठाउँबाट अर्को ठाउँ जानका लागि बाह्रै महिना मोटरगाडी चल्ने सडक मार्गहरु छन। यहाँबाट १३ किलोमिटर दूरीमा नेपालगन्ज एअरपोर्ट रहेको छ । यस एअरपोर्टबाट काठमाडौ र कर्णाली तथा सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा जाने हवाइजहाजहरु चल्दछन। कोहलपुरमा दुर्गम पहाडी जिल्लाहरुबाट बिरामी ल्याउन र आपतकालीन उद्दार कार्यका लागि हेलीप्याडहरु रहेका छन् ।[5]

## २.३ पूर्वाधार विकास शाखाबाट सम्पादित कार्य

पूर्वाधार विकास शाखाबाट आगामी आ.व. २०७९।०८० को लागि ठेक्का प्रकृयाबाट खरिद कार्य गर्नुपर्ने जम्मा १४ वटा र उपभोक्ता समितिमार्फत संचालन हुने १६२ वटा गरी कूल १७६ वटा भौतिक पूर्वाधार विकासका आयोजनाहरु स्विकृत भएका छन। ठेक्का प्रकृयाबाट खरिद गरिने १४ वटा आयोजना मध्ये ७ वटाको खरिद सम्झौता भैसकेको, ४ वटाको बोलपत्र मूल्यांकन प्रकृयामा रहेको र ३ वटाको बोलपत्रको सूचना प्रकाशन भै खरिदको प्रकृया शुरु

[5] https://kohalpurmun.gov.np/ne/संक्षिप्त÷परिचय, २०७९।०८।१५

सकेको अवस्था रहेको छ। बोलपत्रको माध्यमबाट खरिद प्रकृया सम्पन्न गरिने आयोजनाहरुको विवरण यस प्रकार छ।

| क्र.सं. | योजनाको नाम | लागत अनुमान रकम रु. | कबोल अंक रु. | कैफियत |
|---|---|---|---|---|
| १ | फूलबारी टोल अर्नेको घरदेखि चन्द्रप्रकाश रेग्मीको घरसम्म पक्की नाली सहित बाटो कालोपत्रे | २८,७९,१०८।२५ | २०,६७,६३६।९२ | सम्झौता भएको |
| २ | कौशिलानगर (क) लाइन सडक कालोपत्रे | १,००,०९,३८४।९६ | ६३,९२,१९६।१९ | सम्झौता भएको |
| ३ | पर्सेनीपुर, चौधरीया, गोहवा हुँदै रझेना गाउँ जोड्ने सडक कालोपत्रे वडा नं ४,५,६,१० र १५ | १,९१,१६,८१०।४७ | १,१५,१६,६३७।९८ | सम्झौता भएको |
| ४ | रामनगर पश्चिम बिराट खानेपानी हुँदै नेपालगंज सुर्खेत जाने बाटो कालोपत्रे | १,३६,८८,८६४।७१ | ८२,०४,४६८।८८ | सम्झौता भएको |
| ५ | झण्डहवा चोकदेखि पश्चिम वार्ड नं १५ हुदै खजुरा अस्पताल जोड्ने सडक कालोपत्रे | ३०,४९,७७८।०५ | २२,७१,०८५।६३ | सम्झौता भएको |
| ६ | एकतानगर देखि सिम्री गोहवा गाउँ हुँदै दिशाजन्य लेदो पदार्थ व्यवस्थापन केन्द्र पहुँच मार्ग निर्माण | १,३७,४०,७०३।०६ | ६९,०९,३२९।६४ | सम्झौता भएको |
| ७ | जनज्ञान ज्योति मावि भवन निर्माण कोहलपुर १ | ६९,९१,८७०।७४ | ४८,३५,६५२।६२ | सम्झौता भएको |
| ८ | राजमार्ग जोड्ने सडक निर्माण कार्य कोहलपुर चौराहदेखि पूर्व खण्ड | १२७६४८६६।२० | | मूल्यांकन प्रकृयामा रहेका |
| ९ | राजमार्ग जोड्ने सडक निर्माण कार्य कोहलपुर चौराहदेखि पश्चिम खण्ड | ८९,७१,३४७।७७ | | मूल्यांकन प्रकृयामा रहेका |

| | | | | |
|---|---|---|---|---|
| १० | राजमार्ग जोड्ने सडक निर्माण कार्य कोहलपुर चौराहदेखि उत्तर खण्ड | ९४,२३,६६७।७५ | | मूल्यांकन प्रकृयामा रहेका |
| ११ | राजमार्ग जोड्ने सडक निर्माण कार्य कोहलपुर चौराहदेखि दक्षिण खण्ड | १,५६,५२,९२५।९२ | | मूल्यांकन प्रकृयामा रहेका |
| १२ | सिकलसेल प्रयोगशालाको तला थप्ने कार्य | २८,७४,४६७।१५ | | सूचना प्रकाशन भएको |
| १३ | श्री शिखर जडीबुटीदेखि पूर्व मोहन डाँगीको घर सम्म सडक कालोपत्रे | २०,५५,०७३।९२ | | सूचना प्रकाशन भएको |
| १४ | ७ नं वडा कार्यालय जाने सडक कालोपत्रे | २०,१३,२२९।५५ | | सूचना प्रकाशन भएको |

## २.४ कृषि तथा सिंचाइ

नेपाल कृषिप्रधान देश हो। नेपालको संविधानमा व्यवस्था गरिएको राष्ट्रको पुनर्संरचना अन्तर्गत संघ प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्रमा कृषिलाई समेटिएकोले यस क्षेत्रको विकासका लागि राज्यका तीनै तहले समन्वयात्मक रुपमा काम गर्नुपर्ने हुन्छ । कृषि क्षेत्रको समग्र विकासका लागि सिंचाइ, उन्नत बीउबीजन, मल, उन्नत जातको पशु नश्ल, घाँस तथा चरन क्षेत्र व्यवस्थापन, कृषि उपजको उचित बजार व्यवस्थापन, कृषि कर्जा तथा अनुदान, बैज्ञानिक प्रविधी तथा कृषि औजार/उपकरण र दक्ष कृषि प्राविधिक जनशक्ति जस्ता कुरामा समुचित ध्यान दिनुपर्ने हुन्छ।

यस नगर क्षेत्रमा उत्पादन हुने प्रमुख अन्न बालीमा धान, गहुँ र मकै हुन भने दलहन, तेलहन, तरकारी तथा फलफूल खेति पनि प्रसस्त उत्पादन हुन्छ। नगरपालिकाको कूल जमिनमध्ये २९५.१३ हेक्टर खेत, ९७५.८ हेक्टर बारी र ३९५.०७ हेक्टर घडेरी रहेको छ। यस मध्ये पनि जम्मा ७५६ हेक्टर जमिनमा मात्र सिंचाई सुविधा पुगेको छ।[6]

यस नगरपालिकाद्वारा आ.व. २०७८/७९ मा कृषि विकास तर्फ ३१ वटा कार्यक्रम तथा आयोजनाहरुका लागि जम्मा रु. १,३७,५०,००० विनियोजन गरिएकोमा जम्मा २८ वटा

[6] कोहलपुर नगरपालिकाको नगर बस्तुगत विवरण, २०७४

कार्यक्रमहरु सम्पन्न भई रु. १,०४,००,००० (एक करोड चार लाख रुपैयाँ) अर्थात विनियोजित बजेटको ८१.५७ प्रतिशत मात्र खर्च भएको अवस्था छ। पशु विकास सेवा तर्फ आ.व. २०७८/७९ मा ३१ वटा कार्यक्रम तथा आयोजनाहरुका लागि जम्मा रु. १,०६,००,००० (एक करोड छ लाख रुपैयाँ) विनियोजन गरिएकोमा त्यसको ७९.२२ प्रतिशत अर्थात रु. ८३,९८,००० (त्रियासी लाख अन्ठानब्बे हजार रुपैयाँ) खर्च भएको छ। कृषि तथा पशु विकास सेवाका लागि आ.व. २०७८/७९ मा जम्मा रु. २,४३,५०,००० (दुई करोड त्रिचालीस लाख पचास हजार रुपैयाँ) विनियोजन गरिएकोमा रु. १,८७,९८,००० (एक करोड सचासी लाख अन्ठानब्वे हजार रुपैयाँ) अर्थात विनियोजित बजेटको ७७.१९ प्रतिशत मात्र खर्च भएको अवस्था छ। कृषि तथा पशु विकास सेवा सम्वन्धी कार्यक्रमका लागि नगरपालिकाले विनियोजन गरेको बजेट कूल विनियोजनको तुलनामा १.३२ प्रतिशत मात्र रहेको छ भने सो बजेट समेत खर्च हुन नसकेको अवस्था देखिन्छ।[7]

## २.५ खानेपानी तथा सरसफाई

कोहलपुर साना शहर खानेपानी आयोजना, विराट खानेपानी आयोजना नगरपालिकामा सञ्चालित खानेपानी आयोजनाहरु हुन। यी आयोजनाहरुले नगरपालिकामा भूमिगत पानी तानेर पाइपमार्फत खानेपानी उपलब्ध गराएका छन। यस नगरपालिकाको खानेपानीको प्रमुख स्रोतका रुपमा ट्यूव वेल (नल्का) को पानी नै रहेको छ। त्यसका अलावा धारा, कुवा/इनार, जार र बोतलको पानी समेत पिउने गरेको पाइन्छ। कोहलपुर नगरपालिकाको नगर वस्तुगत विवरण, २०७४ अनुसार यस नगरपालिकाका १५,३६७ घरपरिवारले ट्युव वेल, २१८५ घरपरिवारले पाइपको धारा, २१ घरपरिवारले इनार, कुवा र जरुवा तथा ११६ घरपरिवारले अन्य स्रोतको खानेपानी प्रयोग गर्ने गरेको देखिन्छ। यस तथ्यांक बमोजिम कूल घर परिवार मध्ये ८६.८७ प्रतिशत घरपरिवार खानेपानीका लागि ट्युव वेल (नल्का) को खानेपानीमा नै निर्भर हुने गरेको देखिन्छ भने न्यून संख्यामा भए पनि केही घरपरिवारले कुवा र जरुवा जस्ता असुरक्षित खानेपानीको समेत प्रयोग गर्ने गरेको अवस्था छ।

[7] कृषि शाखा, आ.व. २०७८।७९ को वार्षिक प्रगति समीक्षा

शौचालय प्रयोगको अवस्थालाई हेर्दा यस नगरपालिकाका ५२४० घरपरिवारले कच्ची शौचालयको प्रयोग गर्छन भने १०६५७ घर परिवारले साधारण किसिमको पक्की शौचालय प्रयोग गर्छन। २४५ घरपरिवारले वायोग्यास जडित शौचालय र १२४९ घरपरिवारले मात्र व्यवस्थि रुपमा सेफ्टि ट्याङ्की जडान गरिएको शौचालयको प्रयोग गर्ने गरेको देखिन्छ। यस तथ्यांक बमोजिम यस नगरपालिका क्षेत्रका जम्मा १७६८९ घरपरिवार मध्ये १७३९१ परिवारले मात्र कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने देखिएको छ भने २९८ घर परिवारले भने शौचालय नै प्रयोग नगर्ने देखिन्छ जुन कूल घरपरिवारको १.६८ प्रतिशत हो।

## २.६ विद्युत

राष्ट्रिय विद्युत प्रशारण सेवाको पहुँच भएको यस नगरपालिकामा उर्जाको प्रमुख स्रोतको रुपमा केन्द्रिय प्रशारण लाइनको जलविद्युत नै रहेको छ। नगरपालिकामा बत्ति बाल्नका लागि जलविद्युतको प्रयोग गर्ने घरपरिवार संख्या १७४३०, मट्टितेल १५३, सौर्य उर्जा ६४, बायो ग्यास ७ र अन्य स्रोत ३५ रहेका छन। केन्द्रिय प्रशारण लाइनको विजुलीको प्रयोग गर्ने घरपरिवार ९८.५३ प्रतिशत रहेका छन भने अनवीकरणीय उर्जामा निर्भर घरपरिवार भने १ प्रतिशत भन्दा पनि कम रहेको देखिन्छ।[8]

## २.७ संचार

संचार सुविधाका दृष्टिकोणले कोहलपुर नगरपालिका सुविधा सम्पन्न अवस्थामा रहेको छ । टेलिफोन, टेलिभिजन, रेडियो, पत्रपत्रिका, कम्प्यूटर, इमेल, इन्टरनेट लगायत संचार सुविधा यस क्षेत्रमा उपलव्ध रहेका छन । नेपाल दूरसंचार कम्पनीका मात्र पीएसटीएन टेलिफोन लाइन २६५६, एडीएसएल सेवा ७९९, जीएसएम पोष्टपेड मोवाइल १६६५, जीएसएम प्रिपेड मोबाइल ५१४९०, स्काई पोष्टपेड २ र स्काई प्रिपेड मोबाइल ६८२४ प्रयोग भएको छ ।

[8] कोहलपुर नगरपालिकाको नगर बस्तुगत विवरण, २०७४

रेडियो प्रयोग गर्ने घरधुरी संख्या २७४५, टेलिभिजन प्रयोग गर्ने १४६४६, मोबाइल फोन प्रयोग गर्ने ४६१०६, कम्प्यूटर प्रयोग गर्ने ५५७२ र इमेल इन्टरनेट प्रयोग गर्ने २२५२ घरधुरी रहेका छन।[9]

## रेडियो प्रशारण सेवा

कोहलपुरमा रेडियो नेपालको केन्द्रिय तथा क्षेत्रीय मिडियम वेभ (५७६ किलो हर्ज सुर्खेत) तथा एफएम (१०० मेगाहर्ज चमेरे डाँडा) प्रसारण सेवा सुन्न सकिन्छ । यसका अतिरिक्त कोहलपुर एफएम (१०१.२ मेगाहर्ज), प्रतिबोध एफएम (१०२.४ मेगाहर्ज) र रेडियो मिसन (१०३.५ मेगाहर्ज) ले स्थानीय स्तरमा शहरबासीका लागि राष्ट्रिय, स्थानीय र अन्तरराष्ट्रिय समाचार, मनोरञ्जन, अन्तरवार्ता, स्थानीय गतिविधिका लाइभ रिपोर्टङ, शैक्षिक तथा सामुदायिक जागरणका कार्यक्रम तथा व्यापार–व्यवसाय प्रबर्द्धनका विज्ञापनहरु प्रसारण गर्ने गर्दछन् । यी प्रसारणहरु सम्बन्धित रेडियोबाट निर्मित इन्टरनेट वेबसाइट तथा सामाजिक सञ्जालका लिङ्कहरुमार्फत् समेत सुन्न सकिन्छ ।

## टेलिभिजन प्रसारण सेवा

कोहलपुरमा नेपाल टेलिभिजनको क्षेत्रीय प्रसारण केन्द्र रहेको छ। यस प्रसारण केन्द्रबाट नेपाल टेलिभिजनको केन्द्रिय प्रसारण लगायत कोहलपुर टीभी नामक अलग्गै च्यानलबाट समेत श्रव्यदृश्य कार्यक्रमहरु प्रसारण हुन्छन। यी प्रसारणहरु इटरनेटलगायत स्थानीय टेलिभिजन केबुल नेटवर्क र डिस सेवा नेटवर्कमार्फत समेत टिभीमा हेर्न र सुन्न सकिन्छ।

## पत्रपत्रिका

नेपालको आधिकारिक तथा सरकारी राष्ट्रिय दैनिक समाचारपत्र गोरखापत्र दैनिकको पश्चिमाञ्चल संस्करण कोहलपुरबाट नै प्रकाशित हुन्छ। यसैगरी कान्तिपुर, नागरिक न्युज पश्चिम टुडे, समाचारपत्र दैनिक, नयाँ पत्रिका दैनिक हरेक दिन बिहान उपलब्ध हुने राष्ट्रिय पत्रिकाहरु हुन। मिसन टुडे, युगयान दैनिक यहाँका स्थानीय बजारबाट प्रकाशित हुने प्रचलित पत्रिकाहरु हुन।

[9] कोहलपुर नगरपालिकाको नगर बस्तुगत विवरण, २०७४

# खण्ड ३: सामाजिक विकास

## ३.१ स्वास्थ्य

कोहलपुर नगरपालिका क्षेत्र भित्र आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा सरकारी अस्पताल १ वटा, स्वास्थ्य चौकी ३ वटा, शहरी स्वास्थ्य स्वास्थ्य केन्द्र १ वटा र बर्थिङ्ग सेन्टर २ वटा सरकारी स्वास्थ्य संस्थाहरु संचालनमा रहेका छन भने निजी/गैरसरकारी क्षेत्रबाट संचालित स्वास्थ्य संस्थाहरुमा अस्पताल तथा नर्सिङ्ग होम ५ वटा, पोलिक्लिनिक ६ वटा र मेडिकल/औषधी पसल २५ वटा रहेका छन। अन्य स्वास्थ्य सुविधाहरुमा २ वटा माइक्रोस्कोपी केन्द्र, १ वटा आयुर्वेद औषधालय, ४ वटा क्षयरोग उपचार केन्द्र, १५ वटा आधारभूत स्वास्थ्य उपचार केन्द्र र १ वटा सिकल सेल एनिमिया ल्याब समेत संचालनमा रहेका छन। सरकारी अस्पतालमा १५ शैया र निजी/गैरसरकारी क्षेत्रबाट संचालित अस्पतालमा ५६५ शैया गरी कूल ५८० शैयाको सुविधा यस नगरपालिका क्षेत्र भित्रका अस्पतालहरुमा उपलव्ध रहेको छ।[10]

नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा स्वास्थ्य क्षेत्रका लागि रु. ९,५८,५६,७१५ (नौ करोड अन्ठाउन्न लाख छपन्न हजार सात सय पन्ध्र रुपैयाँ) बजेट विनियोजन गरिएकोमा रु. ६,२५,७०,७९८ (छ करोड पच्चीस लाख सत्तरी हजार सात सय अन्ठानब्बे रुपैयाँ) अर्थात ६५.२८ प्रतिशत खर्च भएको छ। उक्त विनियोजन रकम नगरपालिकाको कूल विनियोजित बजेटको ६.८ प्रतिशत हो।[11]

## ३.२ शिक्षा

कोहलपुर साक्षर नगरपालिका हो। नगरपालिकाको कुल साक्षरता ९६.८५ प्रतिशत पुगेको छ। १५ देखि ६० वर्ष उमेर समूहका जनसंख्याको साक्षरता प्रतिशत ९५ प्रतितभन्दा बढी भएमा

[10] http://103.233.56.101:5003/profiling/main/kohalpur, 2079/06/20

[11] आर्थिक प्रशासन शाखा, आ.व. २०७८।०७९ को वार्षिक प्रगति समिक्षा

साक्षर नगरपालिका घोषणा गर्ने नीतिगत व्यवस्था भए अनुसार मिति २०७६ जेठ ३१ गतेका दिन कोहलपुर नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएको थियो।[12]

कोहलपुर नगरपालिका क्षेत्रमा जम्मा ८८ वटा विद्यालयहरु रहेका छन। जसमध्ये ३० वटा सामुदायिक, ५८ वटा संस्थागत, १ वटा सार्वजनिक गुठी र २ वटा धार्मिक विद्यालय रहेका छन। शैक्षिक वर्ष २०७८ सम्म आधारभूत तह (कक्षा ८ सम्म) संचालित विद्यालय ५० वटा र माध्यमिक तह (कक्षा ९÷१२) संचालित विद्यालय ३८ वटा रहेका छन। कोहलपुर नगरपालिका भित्र रहेका ३० वटा सामुदायिक विद्यालयहरु मध्ये २८ वटा विद्यालय अन्तर्गत जम्मा ८१ वटा बालविकास केन्द्रहरु संचालित रहेका छन। सामुदायिक, संस्थागत र गुठी विद्यालयमा जम्मा विद्यार्थी संख्या ३६०६१ रहेको छ। जसमध्ये बाल विकास केन्द्र लगायत सबै सामुदायिक विद्यालय तर्फ २०२८६ जना र संस्थागत विद्यालय तर्फ १५७७५ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन।[13]

नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा शिक्षा क्षेत्रको विकास र प्रवर्द्धनका लागि रु. ३०,५८,५७,१२५.७४ (तीस करोड अन्ठाउन्न लाख सन्ताउन्न हजार एक सय पच्चीस रुपैयाँ चौरहत्तर पैसा) बजेट विनियोजन गरिएकोमा रु.२७,०३,४९,७२२.६० (सत्ताइस करोड तीन लाख उन्पचास हजार सात सय बाइस रुपैयाँ साठी पैसा) अर्थात ८८.३९ प्रतिशत खर्च भएको छ। उक्त विनियोजन नगरपालिकाको कूल विनियोजित बजेटको २१.६७ प्रतिशत हो ।[14]

### ३.२.१ सामुदायिक विद्यालयहरु

कोहलपुर नगरपालिका क्षेत्रमा रहेका कूल ३० वटा सामुदायिक विद्यालयहरु मध्ये आधारभूत तह (कक्षा ८ सम्म) संचालन भएका विद्यालय १७ वटा र माध्यमिक तह (कक्षा ९÷१२) संचालित सामुदायिक विद्यालय १३ वटा रहेका छन। यी सामुदायिक विद्यालयहरुमा बालबिकास देखि कक्षा १२ सम्म जम्मा २०२८६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन। यस नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयहरुमा स्वीकृत दरवन्दिमा कार्यरत शिक्षकहरु जम्मा

[12] कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखाको अभिलेख
[13] शैक्षिक स्थितिको झलक २०७८, कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखा
[14] आर्थिक प्रशासन शाखा, आ०७९/०७८ .व. वार्षिक प्रगति समिक्षा

१४४ जना, राहत अनुदानमा कार्यरत शिक्षकहरु जम्मा १११ जना, नगर अनुदानमा कार्यरत शिक्षकहरु जम्मा ४० जना र शिक्षण सुधार अनुदानमा कार्यरत शिक्षकहरु जम्मा १९ जना गरी कूल ३१४ जना शिक्षकहरु सामुदायिक विद्यालयमा कार्यरत रहेका छन।[15]

**कोहलपुर नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको विवरण**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| | **माध्यमिक तह (कक्षा १÷१२) संचालित विद्यालयहरुको विवरण** | | |
| १ | लक्ष्मी माध्यमिक विद्यालय | कोहलपुर÷२, वर्दहवा | |
| २ | सगरमाथा ज्ञानपुञ्ज माध्यमिक विद्यालय | कोहलपुर÷४, रझेना | |
| ३ | त्रिभुवन माध्यमिक विद्यालय | कोहलपुर÷१०, विद्यानगर | |
| ४ | ज्ञानज्योति माध्यमिक विद्यालय | कोहलपुर÷१२, चप्परगौढी | |
| ५ | राम माध्यमिक विद्यालय | कोहलपुर÷१४, बैजनाथपुर | |
| ६ | कृष्ण माध्यमिक विद्यालय | कोहलपुर÷१, कौशिलानगर | |
| ७ | जनज्ञान ज्योति माध्यमिक विद्यालय | कोहलपुर÷१, कौशिलानगर | |
| ८ | जनता माध्यमिक विद्यालय | कोहलपुर÷३, मैटहवा | |
| ९ | सरस्वती माध्यमिक विद्यालय | कोहलपुर÷८, पिपरी | |
| १० | ज्ञानज्योति माध्यमिक विद्यालय | कोहलपुर÷११, बगिया | |
| ११ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | कोहलपुर÷१३, खड्कवार | |
| १२ | सिद्धार्थ माध्यमिक विद्यालय | कोहलपुर÷५, रझेना | |
| १३ | बालशिक्षा माध्यमिक विद्यालय | कोहलपुर÷१३, भरैया | |
| १४ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | कोहलपुर÷७, लखनवार | |
| १५ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | कोहलपुर÷१०, चटार | |
| १६ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | कोहलपुर÷१५, चौधरिया | |
| १७ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | कोहलपुर÷१५, चन्नहवा | |
| १८ | जनचेतना आधारभूत विद्यालय | कोहलपुर÷४, गोहवा | |
| १९ | शिवशक्ति आधारभूत विद्यालय | कोहलपुर÷२, प्रेमनगर | |
| २० | जनज्योति आधारभूत विद्यालय | कोहलपुर÷९, झण्डहवा | |

[15] शैक्षिक स्थितिको झलक २०७८, कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखा

| | | | |
|---|---|---|---|
| २१ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | कोहलपुर÷१३, सिमरी | |
| २२ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | कोहलपुर÷१४, ढोडपुर्वा | |
| २३ | मुक्ति प्राथमिक विद्यालय | कोहलपुर÷२, मुक्तिनगर | |
| २४ | बाल प्राथमिक विद्यालय | कोहलपुर÷७, रजगढुवा | |
| २५ | विद्याज्योति प्राथमिक विद्यालय | कोहलपुर÷१२, चप्परगौढी | |
| २६ | सिर्जना बाल प्राथमिक विद्यालय | कोहलपुर÷१४, सिर्जनटोल | |
| २७ | राधाकृष्ण प्राथमिक विद्यालय | कोहलपुर÷१४, अकलघरुवा | |
| २८ | हिमालय मदरसा गरिव नवाज प्राथमिक विद्यालय | कोहलपुर÷३, बेडनपुर | |
| २९ | मदरसा रहमातुल उलुम | कोहलपुर÷९, झण्डहवा | |
| ३० | रामजानकी राधाकृष्ण प्राथमिक विद्यालय | कोहलपुर÷१२, चप्परगौढी | |

स्रोतः शैक्षिक स्थितिको झलक २०७८, कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखा

### ३.२.२ संस्थागत विद्यालयहरु

कोहलपुर नगरपालिका क्षेत्रमा रहेका कूल ५८ वटा निजी क्षेत्रबाट संचालित संस्थागत विद्यालयहरु मध्ये प्ले ग्रुप तथा मन्टेस्वरी विधिका पूर्वप्राथमिक तहका विद्यालय ६ वटा, कक्षा १ देखि कक्षा ५ सम्म संचालित विद्यालयहरु १६ वटा, कक्षा १ देखि ८ सम्म संचालित विद्यालयहरु ९ वटा कक्षा ९ देखि १२ सम्म संचालित विद्यालयहरु २५ वटा रहेका छन । कक्षा संचालन अनुमति लिएका २ वटा विद्यालय हाल संचालनमा रहेका छैनन ।[16]

### विश्वविद्यालय तहको शिक्षा

मध्यपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको वागेश्वरी बहुमुखी क्याम्पस यस नगरपालिकामा रहेको एक मात्र सामुदायिक क्याम्पस हो । कक्षा ११ देखि स्नातकोत्तर तहसम्म पठनपाठन हुने यस क्याम्पसमा ३३ जना प्राध्यापकहरु अध्यापनरत छन भने १३०० जना विद्यार्थीहरु अध्ययनरत रहेका छन । निजी क्षेत्रबाट संचालित काठमाण्डौ विश्वविद्यालयबाट सम्वन्धन प्राप्त नेपालगञ्ज मेडिकल कलेज रहेको छ । यस मेडिकल कलेजमा एमविविएस र पोस्ट÷ग्र्याजुएट एमडी तहको अध्ययन अध्यापन भैरहेको छ । यस नगर क्षेत्रमा नेपालगञ्ज

[16] शैक्षिक स्थितिको झलक २०७८, कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखा

मेडिकल नर्सिङ कलेज र लर्ड बुद्ध नर्सिङ कलेज गरी २ वटा नर्सिङ कलेजहरु संचालनमा रहेका छन भने यी कलेजहरुमा  नर्सिङ विषयमा प्रमाणपत्र तह र स्नातक तह सम्म पठनपाठन हुन्छ । अन्य निजी कलेजहरुमा कोहलपुर मोडेल कलेज, न्यू बागेश्वरी एकेडेमी कलेज र डाइनामिक कलेज गरी ३ वटा बहुमुखी क्याम्पस संचालनमा रहेका छन ।

**प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम**

कोहलपुर नगरपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालय लक्ष्मी माध्यमिक विद्यालयमा प्राविधिक धार संचालन भएको छ। निजी क्षेत्रबाट संचालित गोर्खा युनाइटेड पब्लिक स्कूलमा बन विज्ञान विषयमा स्नातक तहको पठनपाठन भैरहेको छ । दुईवटा सामुदायिक माध्यामिक विद्यालयहरुमा पनि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र (सिटिईभीटी) अन्तरर्गतका प्राविधिक विषयहरु संचालन गरिएको छ । त्रिभुवन माध्यमिक विद्यालयमा ३ वर्षे डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ र ज्ञानज्योति माध्यमिक विद्यालयमा ३ वर्षे डिप्लोमा इन सिभिल इन्जिनियरिङ विषयको पठनपाठन हुने गरेको छ ।

**पुस्तकालय**

ज्ञानोदय पुस्तकालय कोहलपुरमा रहेको एक मात्र पुस्तकालय हो । वि.सं. २०५८ सालमा स्थापना भएको यस पुस्तकालयले हाल दैनिक ७०÷८० जना स्थानीय नगरबासी, प्रबुद्ध वर्ग, बालबालिका र विद्यार्थीहरुलाई निशुल्क रुपमा वाइफाई इन्टरनेट, कम्प्यूटर गेम, पत्रपत्रिका, सन्दर्भ सामग्री र पाठ्यपुस्तकको अध्ययन गर्ने जस्ता सेवाहरु प्रदान गरिरहेको छ ।[17]

**सामुदायिक सिकाई केन्द्र**

सामुदायिक साक्षरता, निरन्तर शिक्षा, अनौपचारिक शिक्षा तथा सामुदायिक सचेतीकरण आय आर्जन सम्वन्धी आधारभूत ज्ञान सीप विकासका कार्यक्रमहरु संचालन गर्नका लागि एक सामुदायिक सिकाई केन्द्र रहेको छ ।

**विद्यार्थी लेखाजोखा केन्द्र**

[17] शैक्षिक स्थितिको झलक २०७८, कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखा

कोहलपुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखामा एक विद्यार्थी लेखाजोखा केन्द्र रहेको छ। यस केन्द्रले सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने शारीरिक एवं बौद्धिक अपाङ्गता भएका बालबालिका सम्वन्धी लेखाजोखा राख्न तथा पढाइ, लेखाइ, छात्रवृत्ति र सरकारी एवं गैरसरकारी तहबाट प्रदान गरिने सेवा सुविधा सम्वन्धमा प्राविधिक परामर्श सेवा प्रादान गर्दछ।[18]

**खुल्ला विद्यालय**

विभिन्न कारणले बीचैमा पढाइ छाडेर विद्यालय बाहिर रहेका तर पछि विद्यालयको औपचारिक शिक्षालाई निरन्तरता दिन चाहने विभिन्न उमेरका व्यक्तिरुका लागि आफ्नो दैनिक पेसा व्यवसाय गर्दै घरैमा बसेर शिक्षा आर्जन गर्ने अवसर प्रदान गर्ने हेतुले खुला विद्यालयको अवधारणा आएको हो । नेपालमा हाल ८४ वटा खुला विद्यालहरु सञ्चालनमा रहेका छन् । राष्ट्रिय शिक्षा नीति, २०७५ मा खुला शिक्षाको अवसर विस्तार गर्ने रणनीति छ । कोहलपुर नगरपालिका स्थित श्री त्रिभुवन माध्यमिक विद्यालयमा खुला शिक्षा सञ्चालनमा रहेको छ । उक्त विद्यालयमा सञ्चालित खुला शिक्षामा हाल निमावि तहमा ५ ९छात्र २ र छात्रा ३० जना र मावि तहमा ४८ ९छात्र २८ जना र छात्रा २०० जनाले अध्ययन गरिरहेका छन् ।

**युवा तथा खेलकूद**

यस नगरपालिका क्षेत्र भित्र १० वटा युवा क्लबहरु क्रियाशिल रहेका छन, जसमा ७७७ जना युवाहरु आबद्ध रहेका छन। यसै गरी नगर क्षेत्रमा २८ वटा बालक्लबहरु गठन भई क्रियाशील रहेका छन। उक्त क्लबहरुमा ५२७ जना बालबालिका आवद्ध रहेका छन् र सो मध्ये बालिकाको अनुपात ५८ प्रतिशत रहेको छ। नगर क्षेत्र भित्र वडा नं। ११ मा क्रिकेट खेलमैदान र वडा नम्बर १३ रानीघाटमा खेलमैदान रहेको छ। यसै गरी नगर क्षेत्रको विभिन्न ७ स्थानमा खेलकुद, मनोरञ्जन स्थलहरु रहेका छन। अन्तरराष्ट्रिय क्रिकेट मैदान, तेह्र बिघा फुटबल मैदान, कोहलपुर बजारस्थित शहिद मञ्च आदि यहाँका मुख्य खेल मैदानहरु हुन। यसबाहेक केही माध्यमिक विद्यालयहरुमा समेत प्रशस्तै फराकिला खेल मैदानहरु रहेका छन।

[18] शैक्षिक स्थितिको झलक २०७८, कोहलपुर नगरपालिका, शिक्षा, युवा तथा खेलकूद शाखा

**नेपाली महिला क्रिकेट**

नेपालमै सबैभन्दा पहिले महिला क्रिकेट खेलको शुरुवात कोहलपुरबाट भएको हो। वि.सं. २०६१ फागुन १५ गते कोहलपुरको प्रस्तावित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा छात्राहरुको पहिलो क्रिकेट खेल प्रतियोगिता आयोजना भएको थियो । क्षेत्रीय क्रिकेट विकास समिति क्षेत्र नं ५ र प्लान नेपालको आर्थिक सहयोगमा आयोजित उक्त प्रथम छात्रा (महिला) क्रिकेट प्रतियोगितामा बाँके जिल्लाका २९ वटा विद्यालयका ४३५ जना छात्राहरुको सहभागिता रहेको थियो । उक्त प्रतियोगिताले बसालेको जगमा मलेशियामा सन् २००७ मा आयोजना भएको प्रथम एशियन क्रिकेट काउन्सिल महिला च्याम्पियनसिपमा नेपाल सहभागी भई उपविजेता हुँदै इतिहास रच्न सफल भएको थियो । उक्त खेलमा महिला क्रिकेटका कप्तान समेत ७ जना बाँकेका थिए । यसमा तीन जना कोहलपुरका थिए। त्यस मध्ये ममता थापा मगर उप–कप्तान समेत भइन् । महिला क्रिकेट विकासको सम्भावनालाई ध्यानमा राखी कोहलपुर नगरपालिकाले आ.व.२०७४/०७५ मा नेपालमा पहिलो पटक उपमेयर–कप अन्तर मावि छात्रा क्रिकेट खेल प्रतियोगिताको आयोजना गर्यो। उक्त क्रिकेट प्रतियोगितामा ११ विद्यालयका १५४ जना छात्राहरु सहभागी भएका थिए, जसमा जनज्योति मावि विजेता र त्रिभुवन मावि (सामुदायिक विद्यालय) रनर–अप घोषित भए । यसपछि नगरपालिकाले कोहलपुरमा महिला क्रिकेटको विकास गर्ने अभिप्रायले हरेक आर्थिक वर्षमा उपमेयर–कप क्रिकेट प्रतियोगिताका लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्दै आएको छ । कोहलपुरलाई महिला क्रिकेटको उद्गमस्थल बनाउन र महिला क्रिकेटलाई आजको यस अवस्थामा ल्याउन नेपाली महिला क्रिकेटका पिता भनेर पहिचान बनाएका पूर्वकप्तान लेख बहादुर क्षेत्रीको योगदान अतुलनीय छ ।[19]

**३.३ सामाजिक सुरक्षा तथा पञ्जीकरण**

आ.व. २०७८।०७९ मा जम्मा रु. २१,५७,७३,५२८ (एक्काइस करोड सन्ताउन्न लाख त्रिहत्तर हजार पाँच सय अठ्ठाइस रुपैँया ) रकम सामाजिक सुरक्षा भत्ता बापत वितरण गरिएको छ। ०सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लक्षित वर्ग र संख्या सम्वन्धी विवरण यस प्रकार रहेको छ।

[19] https://kohalpurmun.gov.np/ne/संक्षिप्त÷परिचय, २०७९।०८।१२

| क्र.सं. | लक्षित वर्ग | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (७० वर्ष माथी) | २८३२ जना | |
| २ | जेष्ठ नागरिक (दलित) | ४३३ जना | |
| ३ | जेष्ठ नागरिक (महिला एकल) | ६५७ जना | |
| ४ | विधवा महिला | ११७२ जना | |
| ५ | पूर्ण अपाङ्गता भएका व्यक्ति | १६० जना | |
| ६ | अति अशक्त अपाङ्गता भएका व्यक्ति | ३२४ जना | |
| ७ | दलित बालबालिका | ९८७ जना | |
| ८ | लोपोन्मुख जाति | २५ जना | |
| | **जम्मा संख्या** | **६५९० जना** | |

सामाजिक विकास शाखा, आ०७९/०७८ .व. वार्षिक प्रगति समिक्षा

<u>व्यक्तिगत घटना विवरणः</u>

| क्र.स. | व्यक्तिगत घटना विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | जन्मदर्ता | २०९० जना |
| २ | विबाहदर्ता | १००१ जना |
| ३ | बसाईसराइ आएको | ३५४० जना |
| ४ | बसाईसराइ गएको | १३७३ जना |
| ५ | मृत्यु दर्ता भएको | ४६६ जना |
| ६ | सम्बन्ध विच्छेद | ८२ जना |

स्रोतः सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा, कोहलपुर नगरपालिका

- नयाँ नागरिकताका लागि सिफारिस लिएको जम्मा संख्या १८१ जना।
- नागरिकता प्रतिलीपिका लागि सिफारिस लिएको जम्मा संख्या ७३ जना।

## ३.४ सामाजिक संघ/संस्था, समूह तथा क्लवहरु

यस कोहलपुर नगरपालिकामा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको टोल पढाइ समुह, लक्षित वर्ग सञ्जाल, बाल सञ्जाल, बाल क्लब, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय युवा क्लब, आमा समुह, बचत तथा स्वावलम्बन, दारी ग्याङ आदि जस्ता सङ्गठित समुहहरू सामाजिक सेवाका विभिन्न

सम्बन्धित कार्यहरुमा क्रियाशील छन्। यसका साथै यस नगरपालिकामा सुशासन, स्थानीय शासन, सामाजिक मेलमिलाप लगायतका विभिन्न विषयगत क्षेत्रमा विभिन्न गैरसरकारी संघसंस्थाहरूले विभिन्न विकास निर्माण तथा सचेतीकरण सम्बन्धी कार्यहरु गरिरहेका छन। आ.व. २०७८/७९ मा यस नगरपालिकामा ९ वटा विभिन्न प्रकृतिका संघ संस्थाहरु दर्ता भएका छन भने २३ वटा नगरपालिका भन्दा अन्यत्रै दर्ता भएका तर यस नगरपालिका अन्तर्गत कार्यक्षेत्र भै नगरपालिकामा सुचीकृत भएका भएका छन ।[20]

**आ.व. २०७८/७९ मा नगरपालिकामा दर्ता भएका संस्थाहरुको विवरण**

| क्र.सं. | संस्थाको नाम | दर्ता मिति | कैफियत |
|---|---|---|---|
| १. | लेकाली यूवा क्लब कोहलपुर | २०७८।०६।१७ | |
| २. | क्रियटिभ यूवा क्लब कोहलपुर | २०७८।१०।२३ | |
| ३. | पुष्पबाटिका सामुदायिक संस्था | २०७८।१०।२३ | |
| ४. | उज्यालो सामुदायिक सिकाइ केन्द्र | २०७८।०५।२९ | |
| ५. | ग्रुप १४ यूवा तथा खेलकुद क्लब | २०७८।0६।0४ | |
| ६. | बागेश्वरी आमा समुह कोहलपुर बाँके | २०७८।११।११ | |
| ७. | मदन स्मृती यूवा क्लब | २०७८।१२।०१ | |
| ८. | नेपाल यूवा स्टार क्लब | २०७९।०१।१२ | |
| ९. | सृजनशिल महिला समुह | २०७९।०३।१३ | |

**आ.व. २०७८/७९ मा नगरपालिकामा सूचीकृत भएका संस्थाहरुको विवरण**

| क्र.सं. | संस्थाको नाम | सूचीकृत भएको मिति | कैफियत |
|---|---|---|---|
| १. | जनजागरण समाज बाँके | २०७८।१२।०२ | |
| २. | शान्ति पुनर्स्थापना गृह | २०७८।१२।२४ | |
| ३. | नेपाल गन्धर्व समाज बर्दिया | २०७८।१२।०१ | |
| ४. | नील सागर बृद्धाश्रम बाँके | २०७८।१०।०५ | |
| ५. | नेपाल घर बहाल उपभोक्ता मञ्च | २०७८।११।१२ | |
| ६. | इन्डुरेक कोहलपुर | २०७८।१०।१४ | |
| ७. | सामुदायिक सेवा केन्द्र कोहलपुर | २०७८।०९।२० | |
| ८. | सामाजिक विकास मञ्च | २०७८।०९।१८ | |
| ९. | सामाजिक सचेतन सरोकार मञ्च | २०७८।०९।१८ | |

[20] सामाजिक विकास शाखा, आ.व. २०७८।७९ को वार्षिक प्रगति समीक्षा

| | | | |
|---|---|---|---|
| १०. | नेपाल उत्पीडित उत्थान विकास समाज बाँके | २०७८।०९।१६ | |
| ११. | यूवा रोजगार मञ्च | २०७८।०९।२२ | |
| १२. | हाम्रो सेवा घर बाँके | २०७८।८।१० | |
| १३. | जनचेतना सामुदायिक अध्ययन केन्द्र | २०७८।०९।२२ | |
| १४. | श्री शंकर भगवान मन्दिर संरक्षण समिति | २०७८।८।८ | |
| १५. | जनसहयोगी संस्था नेपाल | २०७८।९।२२ | |
| १६. | अपाङ्ग नवजीवन केन्द्र | २०७८।९।२७ | |
| १७. | गन्धर्व विपन्न अल्पसंख्यक संस्कृति संरक्षण निवास संघ | २०७८।०७।११ | |
| १८. | पिडित जनसेवा विकास कार्यक्रम नेपालगंज बाँके | २०७८।०७।०७ | |
| १९. | नुरी जामा मस्जिद इदगाह र कखला संचालक समिति | २०७८।०६।२५ | |
| २०. | कोहलपुर ग्यालरि | २०७८।०६।१३ | |
| २१. | बसपार्क बजार सुधार समिति कोहलपुर | २०७८।०६।११ | |
| २२. | सिम्तालि एकता समाज बाँके | २०७८। ०६।०५ | |
| २३. | राष्ट्रिय नागरिक विकास परिषद नेपाल | २०७८।१२।२१ | |

नगरकार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

# खण्ड ४: आर्थिक तथा वित्तीय क्षेत्र

संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहहरुमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड तथा स्थानीय तहको आन्तरिक स्रोतबाट प्राप्त हुने राजश्व रकम नै नगरपालिकाको आम्दानीका स्रोतहरु रहेका छन। यस्ता स्रोतहरुको परिचालन गरि नगरपालिकाको विकास, निर्माण तथा नगरबासी जनतालाई विभिन्न प्रकारका सेवा प्रवाह गर्नका लागि खर्च तथा लगानी व्यवस्थिन गर्ने गरिन्छ। मुलुक संघीय संरचनामा प्रवेश गरेपछि आ.व. २०७८।०७९ सम्म आइपुग्दा यपरिचालन सरि हुने आ स्रोतकोयतनमा पनि वृद्धि भैरहेको पाइन्छ। आ.व. २०७८/०७९ को लागि कोहलपुर नगरपालिकाको कूल आय रु.१,४१,०४,३२,५०७ (एक अरव एकचालीस करोड चार लाख बत्तीस हजार पाँच सय सात) रुपैयाँ हुने अनुमान गरिएकोमा जम्मा रु. १,१८,६१,१७,६७३ ( करोड अठार अरव एक रुपैयाँ त्रिहत्तर सय छ हजार सत्र लाख एकसट्ठी) मात्र यथार्थ पाइन्छ। भएको आम्दानी[21]

## ४.१ राजश्व तथा आयको विवरण

आर्थिक वर्ष २०७८/०७९ मा कोहलपुर नगरपालिकाको संचित कोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान, शसर्त चालु अनुदान, शसर्त पुँजिगत अनुदान, विशेष चालु अनुदान, विशेष पुँजिगत अनुदान, समपुरक अनुदान र अन्य अनुदान गरी कूल रु. ६३,६०,०४,१२२ ( त्रिसट्ठी करोड साठी लाख चार हजार एक सय बाइस रुपैयाँ ) प्राप्त हुने अनुमान गरिएकोमा यसको ९३.९ प्रतिशत अर्थात रु. ५९,७२,३८,७३४ ( उनन्साठी करोड बहत्तर लाख अठतीस हजार सात सय चौतीस रुपैयाँ ) मात्र प्राप्त भएको छ । लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान चालु र पूँजीगत, विषेश अनुदान र समपुरक अनुदान गरी जम्मा रु. ६,७५,७६,००० (छ करोड पचहत्तर लाख छेहत्तर हजार रुपैयाँ) अनुमान गरिएकोमा अनुमान बमोजिमको शत प्रतिशत बजेट प्राप्त भएको छ । त्यस्तै संघीय सरकार र प्रदेश सरकारबाट राजश्व बाँडफाँड अन्तर्गत जम्मा रु. १४,२३,८५,८५१ (चौध करोड तेइस लाख पचासी हजार आठ सय एकाउन्न रुपैयाँ) अनुमान गरिएकोमा यसको १०९.१३ प्रतिशत अर्थात रु. १५,५३,९०,९२६ (पन्ध्र करोड त्रिपन्न लाख

---

[21] आर्थिक प्रशासन शाखा, आ०७९/०७८ .व. वार्षिक प्रगति समिक्षा

नब्बे हजार नौ सय छब्बीस रुपैयाँ) यथार्थ आम्दानी भएको थियो भने कोहलपुर नगरपालिकाको गत आर्थिक वर्षको बैंक मौज्दात र आन्तरिक रावश्व शीर्षक अन्तर्गत रु. ३४,३१,७२,७८४ (चौतीस करोड एकतीस लाख बहत्तर हजार सात सय चौरासी रुपैयाँ) संकलन हुने अनुमान गरिएकोमा जम्मा रु. ३२,२४,००,२१० (बत्तीस करोड चौबीस लाख दुई सय दश रुपैयाँ) अर्थात ९३.९५ प्रतिशत मात्र संकलन भएको थियो ।[22]

**१. नेपाल सरकार श्रोत तर्फ**

| सि. न. | शीर्षक | अनुमानित बजेट | प्राप्त बजेट | प्राप्त प्रशिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | २०,०२,००,००० | २०,०२,००,००० | १०० | |
| २ | शसर्त अनुदान चालु | ३२,३३,७७,००० | ३२,४३,०९,५०० | १००.२९ | |
| ३ | शसर्त अनुदान पुजिगत | ५,२७,७२,००० | ४,९२,००,००० | ९३.२३ | |
| ४ | विशेष अनुदान चालु | १,६६,००,००० | १,००,५१,४६३ | ६०.५५ | |
| ५ | विशेष अनुदान पुजिगत | १,१२,००,००० | ६३,७८,५१९ | ५६.९५ | |
| ६ | समपुरक अनुदान | २,५६,००,००० | २७,२०,६६६ | १०.६३ | |
| ७ | अन्य अनुदान | ६२,५५,१२२ | ४३,७८,५८५ | ७० | जि.स.स. |
| | **जम्मा** | **६३,६०,०४,१२२** | **५९,७२,३८,७३३** | **९३.९** | |

स्रोतः आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

**२. लुम्बिनी प्रदेश सरकार श्रोत तर्फ**

| सि.नं. | शीर्षक | अनुमानित बजेट | प्राप्त बजेट | प्राप्त प्रतिशत |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | ९५,८२,००० | ९५,८२,००० | १०० |
| २ | शसर्त अनुदान चालु | ५,४४,००० | ५,४४,००० | १०० |
| ३ | शसर्त अनुदान पुजिगत | ३,१०,००,००० | ३,१०,००,००० | १०० |
| ४ | विषेश अनुदान | ७०,००,००० | ७०,००,००० | १०० |
| ५ | समपुरक अनुदान | १,९४,५०,००० | १,९४,५०,००० | १०० |
| | जम्मा | ६,७५,७६,००० | ६,७५,७६,००० | १०० |

स्रोतः आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

[22] आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

## ३. तर्फ बाँडफाँड राजस्व

| सि.नं. | बाँडफाँड गर्ने तह | अनुमानित बजेट | प्राप्त बजेट | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | **१२,४०,६४,०००** | **१३,८९,६८,८३३** | **११२** | गत आवको समेत |
| २ | प्रदेश सरकार | १,६८,२१,८५१ | १,५६,५९,५८१ | ९३.०९ | |
| ३ | संघीय सरकारबाट प्राप्त बन रोयल्टी | १५,००,००० | ७,६२,५१० | ५०.८३ | |
| **जम्मा** | | १४,२३,८५,८५१ | १५,५३,९०,९२६ | १०९.१३ | |

स्रोतः आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

## ४. राजश्व आन्तरिक नगरपालिका

| राजश्व संकेत | शिर्षक | बार्षिक अनुमान | यथार्थ आय | प्रतिशत |
|---|---|---|---|---|
| १३३१३ | सम्पत्ति कर | २,५५,००,००० | ७६,०३,०८० | २९.८२ |
| १३३१४ | भुमीकर/मालपोत | १६,३०,००,००० | १२,९३,०५,३१८ | ७९.३३ |
| ११३२१ | घरबहाल कर | ७५,००,००० | ९२,००,७६२ | १२२.६८ |
| ११३२२ | बहाल बिटौरी शुल्क | ९५,५०,००० | १२,२९,४५६ | १२.८७ |
| ११४५१ | साना सवारी साधन कर | १,५०,००० | ० | ० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ७,००,००० | ० | ० |
| ११४७९ | अन्य मनोरन्जन कर | ५०,००० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ८६,००,००० | ० | ० |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५०,००० | ५८,००० | ११६ |
| १४१२३ | अन्य बिक्रीबाट प्राप्त रकम | २,७५,००० | ३०,४७,५१० | ११०८.१९ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १,००,००० | १४,४१,६७४ | १४४१.६७ |
| १४२४२ | नक्सापास दस्तुर | २,५०,००,००० | १,५४,४५,६०१ | ६१.७८ |
| १४२४३ | सिफारिश दस्तुर | १५,००,००० | ६२,७५,४६९ | ४१८.३६ |
| १४२४४ | व्यक्तितग घटना दर्ता बिलम्ब दस्तुर | ४,५०,००० | ४,४०,४५७ | ९७.८८ |

| | | | | |
|---|---|---|---|---|
| १४२४५ | नाता प्रमाणित दस्तुर | १,५०,००० | २,०३,६८० | १३५.७९ |
| १४२४९ | अन्य दस्तुर | ६०,००,००० | ९१,३४,३६४ | १५२.२४ |
| १४२५३ | व्यबसाय रजिष्ट्रेशन दस्तुर | ८०,००,००० | २९,१७,८९९ | ३६.४७ |
| १४२६५ | अन्य क्षेत्रको आय | १०,००,००० | ० | ० |
| १४३११ | न्याकि दण्ड जरिवाना र जफत | २,००,००० | ० | |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १,००,००० | १,५२,९०३ | १५२.९ |
| १४५२९ | अन्य राजस्व | ५०,००,००० | ५,७०,६२५ | ११.४१ |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | ० | 0 | |
| | उप जम्मा | | | |
| | **बैंक मौज्दात** | **८,०१,९७,७८४** | **१३,५३,७३,४०६** | |
| | **जम्मा** | **३४,३१,७२,७८४** | **३२,२४,००,२०९** | ९३.९५ |

स्रोतः आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

## आ.व. २०७९।८० को लागि स्वीकृत कर तथा दस्तुरका दर

| **क्र.सं.** | मूल शीर्षक | उपशीर्षक सख्या | न्यूनतम दर | उच्च दर | कैफियत |
|---|---|---|---|---|---|
| **१** | सम्पत्ति कर | ८ | रु ५ (रु १ लाख देखि कमलाई) | प्रति लाख रु ८० (५ करोड देखि माथि) | अनुसूची १ |
| **२.** | मलपोत (भूमी कर) | ८ | रु ५ (रु १ लाख देखि कमलाई) | प्रति लाख रु ८० (५ करोड देखि माथि) | अनुसूची २ |
| **३.** | घर जग्गा बहाल कर | | बहाल रकमको १० प्रतिशत | - | अनुसूची ३ |
| **४.** | व्यवसाय ईजाजत वा दस्तुर | | | | अनुसूची ४ |
| | १. नाफामूलक व्यवसाय प्रा.लि | ७ | रु १,५०० (रु ५ लाख सम्म) | रु २०,००० (रु ५ करोड भन्दा माथि १ अरब सम्म) | |
| | २. सेवामुलक व्यवसाय | ९ | रु ५०० | रु ५,००० | |
| **५.** | व्यवसाय कर | | | | अनुसूची ५ |
| | १. पर्यटन उद्योग | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **तारे होटल** | ५ | ३०,००० | ५५,००० | |
| | **अन्य होटल तथा लज** | १३ | २०० | १८,००० | |
| | २. मिठाई तथा नास्ता पसल | ५ | २०० | ५,००० | |
| | ३. मासु तथा माछा पसल | ९ | ३०० | २,००० | |
| | ४. फलफुल पसल, तरकारी पसल र पान पसल | ७ | २०० | २,००० | |
| | ५. गहना तथा सुन चाँदी पसल | ४ | १,५०० | ५,००० | |
| | ६. औषधी व्यवसाय | १८ | ५०० | १०,००० | |
| | ७. आर्युवेदिक औषधालय | ३ | रु २५ प्रतिदिन | २,००० | |
| | ८. अस्पताल, क्लिनिक तथा स्वास्थ्य प्रयोगशाला तथा पसललाई (गैह्र सरकारी अस्पतालतर्फ) | ७ | १०,००० | १,५०,००० | |
| | ९. तम्बाकु तथा सुर्ती पसललाई | ३ | १,००० | ५,००० | |
| | १०. धोबी पसल तथा लाउण्ड्री व्यवसाय | २ | छुट | ५०० | |
| | ११. सिलाई पसल | ५ | छुट | १,५०० | |
| | १२. सैलुन तथा व्यूटीपार्लर | ४ | २५० | १,००० | |
| | १३. कस्मेटिक पसल | २ | १,५०० | ३,००० | |
| | १४. ईलोक्ट्रोनिक्स बिक्रि पसल | ७ | ५०० | ४,००० | |
| | १५. विद्युत सामग्री पसल | ३ | ५०० | २,५०० | |
| | १६. टेलिभिजन तथा क्यामरा पसल | २ | १,७०० | ४,००० | |
| | १७. निर्माण व्यवसायी | ७ | ५,००० | ५४,००० | |
| | १८. हवाई सेवा | २ | १,००० | ५०,००० | |
| | १९. कानून व्यवसायी | ४ | ५०० | २,००० | |
| | २०. वित्तिय तथा सहकारी संस्था | १२ | २५० | १०,००० | |
| | २१. जुत्ता तथा चप्पल पसल | ७ | २०० | २,००० | |
| | २२. हेभी तथा लाईट गाडी मोटर पार्टस र मेसीनरी औजार पसल | १४ | १,०००।- | १२,०००।- | |
| | २३. हेभी गाडी तथा लाईट गाडीको पार्टस विक्रि पसल | ३ | १,५००।- | ३,०००।- | |
| | २४. टायर तथा मोविल बिक्रेता | ३ | १,५००।- | ३,०००।- | |
| | २५. गाडी मर्मत सम्भार संबन्धी पसल | २ | १,५००।- | ३,१००।- | |
| | २६. कबाडी पसल तथा अन्य मर्मत पसल | ११ | ४००।- | ५,०००।- | |
| | २७. एजेन्सी तथा थोक बिक्री पसल | ७ | १,०००।- | १०,०००।- | |
| | २८. ईन्धन व्यवसायी | ६ | १,०००।- | ५,०००।- | |
| | २९. मादक तथा अन्य पेय पदार्थ | ५ | ५,०००।- | १०,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३०. हल्का पेय पदार्थ बिक्री पसल | १ | १,५००।- | | |
| | ३१. हल्का पेय उत्पादन उद्योग | ५ | १,००० ।- | ३,०००।- | |
| | ३२. कलर ल्याब तथा फोटो स्टुडियो | ३ | ५००।- | १,०००।- | |
| | ३३. छापाखाना तथा अपसेट प्रिन्टिङ प्रेस | ४ | १,५००।- | २,२००।- | |
| | ३४. कपडा तथा रडिमेट फैन्सी पसल | ९ | ५००।- | ५,०००।- | |
| | ३५. स्टेसनरी तथा पुस्तक पसल | ५ | १,०००।- | ५,०००।- | |
| | ३६. दैनिक उपभोगका वस्तु | १० | ५००।- | ३,०००।- | |
| | ३७. हार्डवेयर/मेशिनरी/पेन्ट/सेनेटरी पसल | ६ | १,५००।- | ५,०००।- | |
| | ३८. भाँडा पसल | ३ | ७५०।- | १,५००।- | |
| | ३९. सटरिङ तथा फर्मा व्यवसायी | ३ | | | |
| | ४०. कृषि फर्म तथा पशु आहार उद्योग र व्यापारी | ९ | ५००।- | १०,०००।- | |
| | ४१. लेखा परीक्षण संस्थाहरु | ४ | ४००।- | २,०००।- | |
| | ४२. संचार सेवा | ८ | ५००।- | १०,०००।- | |
| | ४३. गैर सरकारी संस्था | २ | ३,०००।- | ५,०००।- | |
| | ४४. कन्सलटेन्सी | १ | ५,०००।- | | |
| | ४५. कंक्रिट उद्योग | ५ | १,५००।- | १०,०००।- | |
| | ४६. बिस्कुट तथा पाउरोटी उद्योग | २ | ३००।- | १,०००।- | |
| | ४७. अगरबत्ती तथा मोमबत्ती उद्योग | १ | ५००।- | | |
| | ४८. स्टिल तथा फर्निचर उद्योग | ६ | ५००।- | ७,०००।- | |
| | ४९. तारजाली/ग्याभिन जाली उद्योग | १ | १०,०००।- | | |
| | ५०. टायर रिसोलिंङ उद्योग | १ | ३,०००।- | | |
| | ५१. स मिल | २ | २,५००।- | १०,०००।- | |
| | ५२. कुटानी, पिसानी, पेलानी मिल | ५ | ५००।- | १०,०००।- | |
| | ५३. अन्य उद्योग | ४ | ५००।- | २५,०००।- | |
| | ५४. ईन्जिनियरिङ वर्कसप | ३ | १,०००।- | १,५००।- | |
| | ५५. जडीबुटी व्यवसाय | २ | ५००।- | १,०००।- | |
| | ५६. घरेलु उद्योग | ८ | ३००।- | ५,५००।- | |
| | ५७. प्लाष्टिक सामाग्री विक्रेता | २ | १,००० | २५०० | |
| | ५८. शिशा, फ्रेम र प्लाइउड बिक्रेता | १ | ३,००० | | |
| | ५९. रंगरोगन पसल | २ | २,००० | ३,००० | |
| | ६०. सिलालेख पसल | १ | ५०० | | |
| | ६१. हाउजिङ तथा रियल स्टेट | ३ | २५,००० | १,००,००० | |
| | ६२. विभिन्न कम्पनीका टेलिफोन तथा एफ एम रेडियो टावरहरुको वार्षिक कर कम्पनी | ४ | १,००० | १०,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६३. डिर्पाटमेन्टल पसल | ३ | १,५०० | १०,००० | |
| | ६४. फुल बिरुवा विक्रि पसल | २ | ३०० | ५०० | |
| | ६५. अन्य व्यापार तथा व्यवसाय | १ | १००० | | |
| | ६६. उर्जामुलक उद्योग तर्फ | १५ | ५०० | ५००० | |
| ६ | शिक्षा तर्फको व्यवसाय कर | | | | |
| | **क. प्रशासनिक सेवा तर्फको शुल्क** | १० | १०० | १००० | |
| | **ख. शैक्षिक संस्था संचालन गर्ने अनुमतिको शुल्क** | २७ | १,००० | ७०,००० | |
| | **ग. शैक्षिक संस्था खोल्ने आवेदन शुल्क** | २१ | २०० | १५,००० | |
| | **घ. कक्षा थपतर्फ (सामुदायिक)** | ४ | ५०० | ५,५०० | |
| | **ङ. कक्षा थप तर्फ (संस्थागत)** | १२ | ८,००० | २५,००० | |
| | **च. विद्यालयको नाम परिवर्तन ( सामुदायिक)** | ३ | १,००० | २,५०० | |
| | **छ. विद्यालयको नाम परिवर्तन ( संस्थागत)** | १३ | ८,००० | २५,००० | |
| | **ज. अन्य सेवा तर्फ** | २ | १०० | १५० | |
| | **झ. विद्यालयको स्थानान्तरण (ठाउँसारी)** | ९ | ५०० | १०,००० | |
| | **ञ. ऐच्छिक विषय अनुमति र थप विषय अनुमति** | ४ | १,००० | ३,००० | |
| | **ट. नयाँ शिक्षक नियुक्ति अभिलेखीकरण** | ५ | २०० | २,००० | |
| | **ठ. शिक्षक नियुक्तिको म्याद थप** | ५ | १०० | १,००० | |
| ७ | जडिबुटी, कवाडी, जीवजन्तु करको दर | | | | अनुसूची ६ |
| | १. कागजात तथा कार्टुनजन्य पदार्थहरु प्रति केजी | | रु १ | | |
| | २. जे जस्तो अवस्थामा छ पुन सोहि रुपमा प्रयोग गर्न सकिने | ४ | ०.१० | ०.५० | |
| | ३. खालि बोरा प्रतिगोटा | ३ | ०.१० | ०.२५ | |
| | ४. खालि बोरा प्रतिगोटा | २ | रु ०.५० | रु १ | |
| | ५. पुनः प्रशोधन गरी प्रयोग गर्न सकिने | ८ | रु ०.५० | रु १ | |
| | ६. धातुका कबाडी सामानहरु प्रति के जी | ३ | रु १ | | |
| | ७. अन्य | ४ | रु ०.०१ | रु १ | |
| | ८. जडीबुटी वा जिवजन्तु (प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाँख र छाला) करको हकमा प्रति ट्रीप | १ | ५०० | ५,००० | |
| | ९. पशु चौपाया तथा जिवजन्तु | २ | रु १० | रु २५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | सवारी साधन करको दर | ४ | ५०० | १,२०० | अनुसूची ७ |
| ९. | विज्ञापन कर | १५ | १० | २,००० | अनुसूची ८ |
| १० | मनोरञ्जन कर | ३ | १ प्रतिशत | ५ प्रतिशत | अनुसूची ९ |

स्रोतः कोहलपुर नगरपालिकाको आ.व. २०७९/०८० को नीति, बजेट तथा कार्यक्रम

## ४.२ खर्च तथा लगानी

यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को कूल अथार्थ बजेट रु.१,१८,६१,१७,६७३ (रुपैयाँ त्रिहत्तर सय छ हजार सत्र लाख एकसट्ठी करोड अठार अरव एक) मध्ये जम्मा ७७.२५ प्रतिशत अर्थात रु.९१,६३,१५,६७५ (एकानब्बे करोड त्रिसट्ठी लाख पन्ध्र हजार छ सय पचहत्तर रुपैयाँ) खर्च भएको छ । जसमा चालु तर्फ ८०.५९ प्रतिशत र पूँजीगत तर्फ ५२.०३ प्रतिशत बजेट खर्च भएको देखिन्छ । चालु बजेटको तुलनामा पूँजीगत खर्च अत्यन्तै न्यून भएको अवस्था छ । पूर्वाधार विकास क्षेत्रको कूल यथार्थ विनियोजित बजेटको जम्मा ४९.२७ प्रतिशत मात्र खर्च भएको छ । सामाजिक विकास तर्फ ७६.२५ प्रतिशत, आर्थिक विकास तर्फ ७१.३९ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ ८५.४५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ ७५.४३ प्रतिशत बजेट खर्च भएको छ ।

**आ. व. २०७८/०७९ को क्षेत्रगत बजेट बाँडफाँड र खर्च विवरण**

| क्रसं | विषयगत क्षेत्र | विनियोजित यथार्थ बजेट | यथार्थ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,०९,९४,००० | २,९२,६४,३५२ | ७१३९. |
| २ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २०,८६,०१,१२६ | १७,८२,५७,२८२८८. | ८५४५. |
| ३ | सामाजिक विकास | ४८,४६,२८,८०६७४. | ३६,९५,२८,०३७४९. | ७६२५. |
| ४ | पूर्वाधार विकास | ६५,२७,८६,०३० | ३२,१५,९७,३१७१५. | ४९२७. |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,३४,२२,५४५ | १,७६,६८,६८६ | ७५४३. |
| | **कूल जम्मा** | १,१८,६१,१७,६७३ | ९१,६३,१५,६७५ | ७७.२५ |

स्रोतः आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

## ४.३ बेरुजू

यस नगरपालिकाको आ.व.२०७८/०७९ सम्मको कूल बेरुजू रकम रु, ३२,८७,१८,००० (बत्तीस करोड सतासी लाख १८ हजार) रहेको छ। नगर सभाद्वारा पारित बजेट तथा कार्यक्रम बाहेक थप तथा फरक कार्यक्रमहरु (गैर बजेटरी खर्च) गर्ने प्रणाली स्थापित हुनु, बजेट श्रोत सुनिश्चिता बिना नै कार्य संचालन गर्नु, बजेट नियन्त्रण र वित्तिय अनुशासन कम हुनु, पुर्व कार्यादेश तथा लागत अनुमान स्वीकृत नगरी मौखिक आदेशको भरमा कार्य संचालन हुनु, समयमै पेश्की फछ्र्यौट गर्न नसक्नु, बील, भर्पाई र उचित प्रकृया विना नै भनसुनका आधारमा भुक्तानीका लागि दबाव सिर्जना गर्नु जस्ता कारणले गर्दा बेरुजूको मात्रा बढेको अवस्था नगरपालिकाद्वारा पहिचान भएको देखिन्छ ।

**आ.व.२०७८/०७९ सम्मको बेरुजू सम्वन्धी विवरण**

| सि, नं, | बेरुजुको बिबरण | रकम (रु) |
|---|---|---|
| १ | आ.व.२०७५/०७६ सम्मको बेरुजू | १८,३७,७२,००० |
| २ | आ.व. २०७६/०७७ को बेरुजू | ५,६२,०१,००० |
| ३ | आ.व.२०७७/०७८ को बेरुजू | ८,८७,४५,००० |
| **जम्मा** | | **३२,८७,१८,०००** |

स्रोतः आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

**वित्तीय सुशासनको लागि भएका महत्वपूर्ण कार्यहरु**

नगरपालिकाको वित्तीय सुशासनका लागि विभिन्न सुधारका कार्यहरु प्रासम्भ भएका छन । नगरपालिकाको आर्थिक प्रशासन संग सम्बन्धित सवै कार्य IT Based भएको, नगरपालिकाको सवै आर्थिक कारोबार SuTRA प्रणाली मार्फत संचालन गरिएको, सवै वडा कार्यालयको राजस्व संकलन Software Base मा भएको, बित्तीय सुशासन प्रबर्द्धन गर्न प्रचलित कानुन बमोजिम निर्धारण गरिएका सुचक तथा मापदण्डको पालना गरिएको, सवै प्रकारका सामाजिक सुरक्षा भत्ता बैंकङ्ग प्रणाली मार्फत बितरण गर्ने गरिएको, अन्तर्राष्ट्रिय स्तरको प्रतिबेदन प्रणाली स्थापनाको लागि NepSAS मा आधारित प्रतिवेदन प्रणालीको सुरुवात सुरुवात गरिएको, जिन्सी प्रणाली व्यस्थापनको लागि PAMS लागु गरिएको, बेरुजुको रकम घटाउन फछ्र्यौटको लागि

आवश्यक समन्वयका कार्य गरिएको छ । यस प्रकारका सुधारात्मक कार्यका बावजुद पनि बेरुजू उल्लेख्य मात्रामा कायम रहनुलाई एक चुनौतिका रुपमा लिनुपर्ने हुन्छ ।[23]

## ४.४ सम्पत्ति तथा जिन्सी सामान

कोहलपुर नगरपालिकामा आ. व. २०७८/०७९ मा ८०१ प्रकारका खर्च भएर जाने सामग्रीहरु खरिद भई खपत भएको छ भने १४७ प्रकारका खर्च भएर नजाने (खप्रे) सामग्रीहरु खरिद भइ प्रयोग भै रहेका अर्थात हाल मौज्दातमा रहेका छन । यस आ. व. २०७८/०७९ मा मोटर साईकल १ (एक) थान, एम्बुलेन्स १ (एक) थान, साईकल २ (दुई) थान, एक्स-रे मेशिन १ (एक) थान, एयर कन्डिसनर ७ (सात) थान, पावर टिलर/मिनि टिलर २१ (एक्काईस) थान, ल्यापटप शिक्षकलाई हस्तान्तरण गरिएका ६२ (बैसठ्ठी) थान सहित ८६ (छयासी) थान र सञ्चार सेट १५ (पन्ध्र) थान लगायतका सामग्रीहरु खरिद गरिएको छ ।

हाल नगरपालिकाको स्वामित्वमा रहेका र मौज्दातमा रहेका खर्च भएर नजाने (खप्रे) सामग्रीहरुमा सवारी साधन, मेशिनरी सामग्रीहरु, फर्निचर र भवनहरु प्रमुख रहेका छन । यी सम्पत्तिहरुको विवरण यस प्रकार रहेको छ।[24]

**नगरपालिकाको स्वामित्वमा रहेका भवनहरुको विवरण**

- नगर कार्यपालिकाको कार्यालय भवन — १ वटा
- नगरसभा हल — १ वटा
- वडा कार्यालय — १५ वटा
- स्वास्थ्य चौकी भवन — ३ वटा
- आ. स्वास्थ्य सेवा केन्द्र/सहरी स्वास्थ्य केन्द्र भवन — १० वटा
- कृषि र पशुसेवा केन्द्र भवन — २ वटा

**हाल मौज्दातमा रहेका सवारी साधनहरुको विवरण**

- दमकल — १ थान
- सक्सन मेशिन — १ थान

[23] आर्थिक प्रशासन शाखा, आ.व. २०७८।७९ को वार्षिक प्रगति समिक्षा
[24] जिन्सी शाखा, आ.व. २०७८।७९ को वार्षिक प्रगति समीक्षा

- एम्बुलेन्स १ थान
- टिप्पर १ थान
- ट्र्याक्टर १ थान
- जिप /कार ३ थान
- मोटरसाइकल ३३ थान
- स्कुटर ४ थान
- साइकल १८ थान

**हाल मौज्दात रहेका मेशिनरी सामग्रीहरुको विवरण**

- ल्यापटप १४५ थान
- कमप्युटर (डेस्कटप) १०१ थान
- फोटोकपी मेशिन र प्रिन्टर १४२ थान
- एक्स-रे मेशिन १ थान
- सिकलसेल ल्याब जाँचका मेशिन २ थान
- एयर कन्डिसनर ४४ थान
- जेनेरेटर १ थान
- सञ्चार सेट (वकिटकी) १५ थान
- क्यामेरा ५ थान

**मौज्दात रहेका फर्निचर सामग्रीहरुको विवरण**

- रिभल्भिङ्ग चियर १५४ थान
- टेबल १८० थान
- अफिस टेबल १६ थान
- मिटिङ्ग टेबल ६ थान
- दराज(स्टिल र काठको समेत) २७६ थान
- सोफासेट ६७ थान

## ४.५ बैंक, वित्तीय संस्था तथा सहकारी संस्था

यस कोहलपुर नगरपालिका क्षेत्रमा १४ वटा क वर्गका बाणिज्य बैंक, ७ वटा ख वर्गका विकास बैंक र ९ वटा घ वर्गका लघुवित्त वित्तीय संस्था गरी कुल ३० वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु रहेका छन ।[25] यसै गरी २२ वटा बहुउद्देश्यीय सहकारी संस्था, ४० वटा कृषि सहकारी संस्था र १३ वटा बचत तथा ऋण सहकारी संस्था गरी जम्मा ७७ वटा समुदायमा आधारित सहकारी संस्थाहरु समेत स्थापना भई वित्तीय सेवा प्रदान गरिरहेका छन।[26]

## ४.६ उद्योग, व्यापार तथा व्यवसाय

आ.व. २०७४/७५ देखि आ.व. २०७८/७९ सम्ममा यस नगरपालिकामा २४९६ वटा उद्योग व्यवसायहरु दर्ता भएका छन । आ.व २०७८/०७९ मा २५६ वटा नयाँ उद्योग व्यावसाय दर्ता भएका र २१०० वटा नवीकरण भएका छन। यी उद्योग, व्यापार र व्यवसायहरुबाट व्यवसाय रजिष्ट्रेशन शुल्क, व्यवसाय नवीकरण तथा ब्यवसाय कर नगरपालिकाको आन्तरिक रावश्वका रुपमा आम्दानी हुने गरेको छ । आ.व. २०७८/७९ मा व्यवसाय कर तथा नवीकरण शुल्क बापत रु. ४२,०५,७९० (बयालीस लाख पाँच हजार सात सय नब्बे रुपैयाँ)[27] र नयाँ व्यवसाय रजिष्ट्रेशन दस्तुर बापत रु २९,१७,८९९.५० (उनन्तीस लाख सत्र हजार आठ सय उनन्यस रुपैयाँ पचास पैसा) राजश्व संकलन भएको छ । आ.व. २०७८/७९ को लागि रु. ५५,००,००० (पचपन्न लाख रुपैयाँ) व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलन गर्ने लक्ष्य लिइएको छ ।[28]

---

[25] कोहलपुर नगरपालिकाको नगर वस्तुगत विवरण २०७४

[26] आर्थिक प्रशासन शाखा, आ.व. २०७८/०७९ को वार्षिक प्रगति समीक्षा

[27] आ.व. २०७८/०७९ को वार्षिक प्रगति समिक्षा फाराम

[28] आ.व. २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम

# खण्ड ५: कार्यकारिणी तथा प्रशासनिक क्षेत्र

## ५.१ नगर सभा तथा कार्यपालिका

हालै सम्पन्न स्थानीय तहको निर्वाचनद्वारा यस कोहलपुर नगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधीहरुले पदभार ग्रहण गरी कार्यजिम्मेवारी सम्हाली सकेका छन । नेपालको संविधानको धारा २२३ को उपधारा १ बमोजिम यस नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा नगर प्रमुख, नगर उपप्रमुख, १५ जना वडा अध्यक्षहरु, प्रत्येक वडामा एक जना दलित महिला सदस्य सहित ४ जनाका दरले १५ वटा वडाका ६० जना वडा सदस्यहरु र दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाद्वारा निर्वाचित कार्यपालिका सदस्यहरु समेत गरी ७८ जना पदाधिकारीहरु सदस्य भएको एक नगर सभा रहेको छ। नगर प्रमुख, नगर उपप्रमुख, वडा अध्यक्षहरु र अन्य मनोनित कार्यपालिका सदस्यहरु समेत गरी २५ सदस्यीय नगर कार्यपालिका रहेको छ ।

### ५.१.१ वर्तमान कार्यपालिका सदस्यहरुको विवरण

| क्रसं | नाम | पद | वडा | निर्वाचित भएको राजनैतिक दल |
|---|---|---|---|---|
| १ | पुर्ण प्रसाद आचार्य | नगर प्रमुख | वडा नं. ८ | नेपाली काँग्रेस |
| २ | संगिता सुवेदी | उप- प्रमुख | वडा नं. ११ | नेपाली काँग्रेस |
| ३ | बद्री प्रसाद जैसी | वडा अध्यक्ष | वडा नं. १ | ए. माओबादी केन्द्र |
| ४ | हरि कठायत | वडा अध्यक्ष | वडा नं. २ | नेपाली काँग्रेस |
| ५ | माधव रिजाल | वडा अध्यक्ष | वडा नं. ३ | एमाले |
| ६ | मुबारक अलि गुजर | वडा अध्यक्ष | वडा नं. ४ | नेपाली काँग्रेस |
| ७ | दिपेन्द्र श्रेष्ठ | वडा अध्यक्ष | वडा नं. ५ | एमाले |
| ८ | श्रीकृष्ण थारु | वडा अध्यक्ष | वडा नं. ६ | नेपाली काँग्रेस |
| ९ | ठग्गा थारु | वडा अध्यक्ष | वडा नं. ७ | एमाले |
| १० | लाल बहादुर राना | वडा अध्यक्ष | वडा नं. ८ | नेपाली काँग्रेस |
| ११ | ओपेन्द्र नाथ योगी | वडा अध्यक्ष | वडा नं. ९ | ए. माओबादी केन्द्र |
| १२ | गौरा कुमारी अधिकारी | वडा अध्यक्ष | वडा नं. १० | नेपाली काँग्रेस |

| | | | | |
|---|---|---|---|---|
| १३ | कल्पना शर्मा | वडा अध्यक्ष | वडा नं. ११ | एमाले |
| १४ | विरेन्द्र कुमार शाह | वडा अध्यक्ष | वडा नं. १२ | नेपाली काँग्रेस |
| १५ | डम्बर बहादुर खड्का | वडा अध्यक्ष | वडा नं. १३ | नेपाली काँग्रेस |
| १६ | नम बहादुर आले मगर | वडा अध्यक्ष | वडा नं. १४ | नेपाली काँग्रेस |
| १७ | दिपेन्द्र कुमार चौधरी | वडा अध्यक्ष | वडा नं. १५ | नेपाली काँग्रेस |
| १८ | पवित्रा कुमारी थारु | कार्यपालिका सदस्य | वडा नं. ४ | नेपाली काँग्रेस |
| १९ | सुनिता सुनार | कार्यपालिका सदस्य | वडा नं. ६ | नेपाली काँग्रेस |
| २० | केशर कुमारी रावत | कार्यपालिका सदस्य | वडा नं. ८ | नेपाली काँग्रेस |
| २१ | सुनिता कुमारी राना बिष्ट | कार्यपालिका सदस्य | वडा नं. ९ | नेपाली काँग्रेस |
| २२ | अनिता कुमारी बुढाक्षेत्री | कार्यपालिका सदस्य | वडा नं. १५ | नेपाली काँग्रेस |
| २३ | ईश्वरी प्रसाद विश्वकर्मा | कार्यपालिका सदस्य | वडा नं. २ | नेपाली काँग्रेस |
| २४ | भुप बहादुर दर्जी | कार्यपालिका सदस्य | वडा नं. ११ | नेपाली काँग्रेस |
| २५ | नरेश बान्तवा राई | कार्यपालिका सदस्य | वडा नं. १० | नेपाली काँग्रेस |

### ५.१.२ प्रशासनिक संगठन र कार्य सञ्चालन

कोहलपुर नगरपालिकाको नगर सभाले वि. सं. २०७६ सालमा पारित गरेको प्रशासनिक संरचनाका आधारमा नगरपालिकाको प्रशासनिक कार्य सञ्चालन भइरहेको छ। कोहलपुर नगरपालिका अन्तर्गत १५ वटा वडा कार्यालयहरु, प्रशासन, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा, युवा तथा खेलकूद शाखा, आर्थिक विकास शाखा र आर्थिक प्रशासन शाखा गरी जम्मा ६ वटा शाखाहरु, यी शाखाहरु अन्तर्गत प्रशासन उपशाखा, राजश्व उपशाखा, योजना तथा अनुगमन उपशाखा, सडक, सिचाई तथा अन्य पूर्वाधार विकास उपशाखा, भवन तथा वस्ति विकास उपशाखा, सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा र महिला, बालबालिका तथा समाज कल्याण उपशाखा गरी

७ वटा उपशाखाहरु, कानून इकाई, वातावरण तथा विपद् व्यवस्थापन इकाई र शाखाहरुकै सरह आन्तरिक लेखापरीक्षण इकाई रहेका छन । स्वास्थ्य र कृषि तथा पशु तर्फका निकायहरु पनि शाखाकै हैसियतमा रहेका छन । सबै वडा कार्यालय, शाखा तथा उपशाखाहरुका आ÷आफ्नै कार्य जिम्मेवारी निर्धारण गरिएका छन । सेवाग्राहीहरुले सेवा प्राप्त गर्दा सहजीकरण गर्न र सम्वन्धित शाखा र कर्मचारीलाई जिम्मेवार बनाउनका लागि नगरपालिका र वडाहरुको अलग अलग नागरिक वडापत्र तयार गरी जारी गरिएको छ ।

हाल यस नगरपालिकामा संघीय सरकारबाट कामकाज गर्ने गरी तोकिएका राजपत्रांकित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृत, स्थानीय सरकारको स्थायी दरवन्दी, काज र करार गरी जम्मा ३६ जना अधिकृत स्तर, स्थायी, अस्थायी, करार र काज गरी जम्मा १२७ जना सहायक स्तर र ५८ जना श्रेणीबिहीन सहायक स्तर गरी जम्मा २२८ जना कर्मचारीहरु कार्यरत रहेका छन।[29]

### ५.२.१ कोहलपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको तहगत दरबन्दी विवरण

| क्र.सं. | पद | तह/श्रेणी | स्थायी | स्थायी काज | अस्थायी | करार | ज्यालादारी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | **उपसचिव** | | १ | | | | १ |
| २ | अधिकृत | आठौं | ० | | | २ | | २ |
| ३ | अधिकृत | सातौं | ४ | | | | | ४ |
| ३ | अधिकृत | छैठौं | २९ | ५ | | २ | | ३६ |
| | **जम्मा** | | ३३ | ६ | ० | ४ | ० | ४३ |
| ४ | सहायक | पाँचौं | ३२ | ७ | | १८ | | ५७ |
| ५ | सहायक | चौथो | ३० | ९ | १ | २३ | | ६३ |
| ६ | सहायक | तेश्रो | | | | ७ | | ७ |
| ७ | सहयोगी | श्रेणीबिहिन | ९ | | | ४९ | | ५८ |
| | **जम्मा** | | ७१ | १६ | १ | ९७ | ० | १८५ |
| | **कुल जम्मा** | | १०४ | २२ | १ | १०१ | ० | २२८ |

[29] प्रशासन शाखा, आ.व. २०७८/७९ को वार्षिक प्रगति समीक्षा

कार्यरत कर्मचारीहरुको नामावली सहितको विस्तृत विवरण अनुसूची २ मा छ ।

## ५.२ विवाद समाधान तथा न्याय

नेपालको संविधानको धारा २१७ बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्ने नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने प्रावधान बमोजिम यस नगरपालिकामा रहेको न्यायीक समितिले आफ्नो क्षेत्राधिकार अन्तर्गत परेका उजुरी तथा गुनासोहरुको सुनुवाई र विवाद समाधान गर्दै आएको छ। आर्थिक वर्ष २०७८।०७९ मा न्यायीक समितिमा जम्मा २२ वटा उजुरी/गुनासो दर्ता भएकोमा न्यायीक समितिका १२ वटा बैठक बसी जम्मा ११ वटा गुनासो तथा उजुरी उपर सुनुवाई गरी कार्वाही र किनारा लगाएको छ। दर्ता हुन आएका कूल उजुरी तथा गुनासो मध्ये जम्मा ५० प्रतिशत विवादहरुको मात्र निरुपण भई बाँकी ५० प्रतिशत उजुरी यस आर्थिक वर्षको लागि दायित्व सर्न गएको अवस्था छ ।

## ५.३ नगर प्रहरी तथा नगर नियमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ बमोजिम नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्वन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्नु नगरपालिकाको काम, कर्तव्य र अधिकार भए तापनि आ.व. २०७८।०७९ को अन्त्यसम्म नगर प्रहरीको गठन हुन सकेको छैन । नगरपालिकाले कोहलपुर नगर प्रहरी (दोस्रो संशोधन) ऐन २०७७ तर्जुमा गरी सो ऐनमा २०७८।०२।२३ मा पहिलो संशोधन र २०७९।०३।१६ मा दोस्रो संशोधन समेत भएको भए पनि नगर प्रहरी संगठनको गठन हुन नसक्दा नगरपालिकाको नीति कानून, मापदण्ड तथा निर्णयको कायान्वयन गर्ने, नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने, स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थान गर्ने, बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने, न्यायीक समितिले गरेका मिलापत्र तथा निर्णयहरुको कार्यान्वयन गर्ने, नगरपालिकाको सरकारी सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्ने, विपद व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना सम्वन्धी कार्य गर्ने, छाडा पशु चौपाया नियन्त्रण

गर्न र अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण नियन्त्रण तथा रोकथाम गर्ने जस्ता कानूनी दायित्व पूरा गर्नमा नगरपालिका चुक्दै आएको अवस्था रहेको छ ।

## ५.४ ऐन, नियम तथा कार्यविधी तर्जुमा

यस नगरपालिकाले आ.व. २०७८/०७९ सम्ममा नगरपालिकाको अधिकार क्षेत्रभित्र रही विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधी, कार्ययोजना तथा मापदण्डहरु तर्जुमा गरी कोहलपुर नगरपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ । यस अवधीमा नगरपालिकाले ४८ वटा भन्दा बढी विभिन्न विषय तथा क्षेत्रसँग सम्वन्धित ऐन, नियम, निर्देशिका, कार्यविधी, कार्ययोजना तथा मापदण्डहरु तर्जुमा गरेको छ ।[30]

**ऐन, नियम, निर्देशिका, कार्यविधी, कार्ययोजना तथा मापदण्डहरुको सूची**

१. कोहलपुर नगरपालिकाको आर्थिक ऐन, २०७९
२. कोहलपुर नगरपालिकाको विनियोजन ऐन, २०७७
३. कोहलपुर नगरपालिकाको नगर प्रहरी (दोस्रो संशोधन) ऐन, २०७९
४. कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधी (खर्च मापदण्ड नियमन गर्ने) नियमावली, २०७९
५. स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण (पहिलो संशोधन) निर्देशिका, २०७८
६. कोभिड १९ को संक्रमणको जोखिमरहित वातावरणमा भौतिक कक्षा संचालन कार्यविधी,२०७८
७. कोहलपुर नगरपालिकाको राजस्व सुधार कार्ययोजना, (आ.व. २०७९/८०÷२०८१/८२)
८. कोहलपुर नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधी (प्रणाली), २०७७
९. कोहलपुर नगरपालिकाको क्षमता विकास योजना, २०७८
१०. कोहलपुर नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७५
११. कोहलपुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७

[30] स्थानीय तहको एप, कोहलपुर नगरपालिका

१२. अपाङ्गता भएका विद्यार्थीहरुको लेखाजोखा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधी, २०७७

१३. विद्युतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यविधी, २०७६

१४. कोहलपुर नगरपालिकाको संस्था दर्ता तथा नियमन सम्वन्धी नियमावली, २०७६

१५. मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति गठन तथा परिचालन कार्यविधी, २०७६

१६. व्यवसाय कर सम्वन्धी कार्यविधी, २०७६

१७. घर बहाल कर व्यवस्थापन कार्यविधी, २०७६

१८. बालबिवाहमुक्त नगरपालिका अभियान संचालन निर्देशिका, २०७६

१९. मेलमिलापकर्ताको सेवा सुविधा सम्वन्धी कार्यविधी, २०७६

२०. आधारभूत तह (कक्षा ८) परीक्षा संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६

२१. नगर खेलकूद विकास समिति संचालन कार्यविधी, २०७६

२२. कोहलपुर नगरपालिका शिक्षा ऐन, २०७६

२३. कोहलपुर नगरपालिकाको अनुगमन तथा मूल्यांकन गर्ने सम्वन्धी ऐन, २०७६

२४. शिक्षक दरवन्दी मिलान कार्यविधी, २०७६

२५. वित्तीय समानीकरण शैक्षिक कार्यक्रम संचालन निर्देशिका, २०७६

२६. साझेदारी विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधी, २०७६

२७. कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६

२८. सार्वजनिक क्षेत्रको सरसफाई कार्यविधी, २०७६

२९. सेवाग्राही संस्थाहरुसँग समन्वय गरी काम गर्न बनेको निर्दर्शिका, २०७६

३०. कोहलपुर नगर स्वास्थ्य ऐन, २०७५

३१. नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५

३२. कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५

३३. अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधी) ऐन, २०७५

३४. बालअधिकार समिति गठन कार्यविधी, २०७५

३५. कोहलपुर नगरपालिकाको एकीकृत कार्यक्रम संचालन कार्यविधी, २०७५

३६. अपाङ्गता सम्वन्धी कार्यविधी, २०७५

३७. नगरस्तरीय पशु सुत्केरी भत्ता अनुदान संचालन कार्यविधी, २०७५

३८. कोहलपुरको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन कार्यविधी,२०७५

३९. करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी, २०७५

४०. 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधी, २०७५

४१. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७५

४२. कोहलपुर नगरपालिकाको न्यायीक समिति संचालन कार्यविधी, २०७४

४३. बजार अनुगमन निर्देशिका, २०७४

४४. कोहलपुर नगरपालिका शिक्षा नियमावली, २०७४

४५. कोहलपुर नगर कार्यपालिका कार्य सम्पादन नियमावली, २०७४

४६. कोहलपुर नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४

४७. कोहलपुर नगर कार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधी, २०७४

४८. नगर सभा संचालन कार्यविधी, २०७४

नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

## ५.५ घरनक्सा

कोहलपुर नगरपालिका भित्र निर्माण हुने सबै प्रकारका घर तथा भवनहरुको प्रचलित मापदण्ड बमोजिम नक्सा दर्ता तथा निर्माण सम्पन्नताको प्रमाणपत्र जारी गर्ने गरिएको छ। आ.व. २०७८/०७९ मा घर नक्सा सम्वन्धी विवरणा यस प्रकार हरेको छ ।

| | |
|---|---|
| नयाँ नक्सा दर्ता (मापदण्ड अनुसार) | २१४ वटा |
| नयाँ नक्सापास पूर्ण निर्माण सम्पन्न प्रमाणपत्र | १३९ वटा |
| आंशिक निर्माण सम्पन्न | ३६ वटा |
| नक्सापास प्रक्रियामा रहेका | ७५ वटा |
| पुरानो (अभिलेख) नक्सा दर्ता | २७९ वटा |
| पुरानो नक्सापास (अभिलेख) प्रमाणपत्र | १८५ वटा |
| अभिलेख प्रक्रियामा रहेका | ९४ वटा |
| जम्मा नक्सापास नामसारी गरिएको | ५० वटा |
| जम्मा नक्सापास प्रतिलिपि दिईएको | ४ वटा |

## ५.६ विद्युतीय सुशासन तथा अनलाइन सेवा

कोहलपुर नगरपालिकाको आफ्नो वेबसाइट https://www.kohalpurmun.gov.np रहेको छ । उक्त वेबसाइटमा नगरपालिकाको परिचय, वडा कार्यालयहरु सम्वन्धि विवरण, कार्यक्रम तथा परियोजना सम्वन्धी विवरण, प्रतिवेदनहरु, विद्युतीय सुशासन सेवा, सूचना तथा जानकारी, ग्यालरी, सम्पर्क, बस्तुगत विवरण तथा विद्यालयहरु सम्वन्धी विवरण लगायतका विषयवस्तु समावेश गरिएको छ । वेबसाइटमा रहेको विद्युतीय सुशासन सेवा अन्तर्गत MOFAGA पोर्टल, स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SuTRA), वेबमेल व्यवस्थापन, राजस्व संकलन प्रणाली, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, मानव संसाधन व्यवस्थापन प्रणाली, वार्षिक प्रयोग पोर्टल, स्वास्थ्य सफ्टवेयर, किसान सूचीकरण पोर्टल र क्षमता स्वमूल्यांकन पोर्टलको व्यवस्था गरिएको छ।

गुगल प्ले स्टोरमा एक 'स्थानीय तहको एप' राखिएको छ । नेपाल राज्यभरीका सबै स्थानीय तहको तथ्यांक समेटिएको मन्त्रालयद्वारा संचालित सो एपमा कोहलपुर नगरपालिकाले प्रावह गर्ने सेवाको विवरण र सो सेवा प्राप्त गर्ने विधी तथा प्रकृया, समस्या दर्ता, सुझाव तथा गुनासो, कार्यक्रम तथा परियोजना सम्वन्धी जानकारी, वडाहरुको विवरण, आपतकालीन टेलिफोन नम्बरहरु, केही महत्वापूर्ण स्थानहरुको लोकेशन म्याप, समाचार लगायतका विभिन्न सूचना तथा जानकारीहरु राखिएको छ । वेबसाइट तथा एप दुबैका मेनुमा धेरै विषय वस्तुहरु समेटिएको भए पनि सूचनाहरु पर्याप्त र अध्यावधिक भने हुन सकेको छैन।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# खण्ड ६: वातावरण संरक्षण, सरसफाइ तथा विपद व्यवस्थापन

## ६.१ फोहर मैला व्यवस्थापन र वातावरण संरक्षण

कोहलपुर नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका सन्दर्भमा छाता ऐनका रुपमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावलीका रुपमा फोहरमैला व्यवस्थापन नियमावली, २०७० तथा नगरपालिकाद्वारा तर्जुमा गरिएका ऐन तथा कार्यविधीको अधीनमा रहि कार्य सम्पादन गरिरहेको छ। स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न कोहलपुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ तर्जुमा गरिएको छ। सो ऐनमा वातावरणको संरक्षण, सम्पदाको संरक्षण, प्रदुषण रोकथाम तथा नियन्त्रण, फोहरमैला व्यवस्थापन, जैविक विविधता संरक्षण, जलाधार क्षेत्र संरक्षण, खनिज पदार्थको संरक्षण, वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन, खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन, वातावरण तथा प्राकृतिक स्रोत कोषको स्थापना तथा संचालन, वातावरण तथा प्राकृतिक स्रोत परिषद गठन, विभिन्न समितिहरु गठन तथा वातावरण संरक्षण योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन सम्वन्धी व्यवस्था गरिएको छ। यस ऐनको परिच्छेद÷३ मा फोहरमैला व्यवस्थापनको स्पस्ट खाका प्रस्तुत गरिएको छ। उक्त परिच्छेदमा फोहरमैला व्यवस्थापनको दायित्व नगरपालिकालाई तोक्नुका साथै फोहरमैलाको उत्पादन कम गर्ने, पृथकीकरण, निष्काशन, देखि फोहरमैला व्यवस्थापन केन्द्र, जोखिमपूर्ण फोहरको व्यवस्थान, फोहरमैलाको न्यूनीकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोग सम्मको व्यवस्थापकीय प्रवन्ध समेत गरिएको छ । फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धी, फोहरमैला संकलन, ढुवानी, फोहरमैलाको प्रयोग, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोग वा प्रसोधन, फोहरमैला विसर्जन र वन्द पश्चात व्यवस्थापन लगायतका कार्यको लागि निजी क्षेत्र तथा सामुदायिक संघ संस्थाको संलग्नता समेतको व्यवस्था यस ऐनमा गरिएको छ ।

कोहलपुर नगरपालिकाले बढ्दो शहरीकरण, अव्यवस्थित वस्ती विकास तथा सार्वजनिक स्थलको अतिक्रमणबाट सडक, गल्ली तथा धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय सम्पदाको रुपमा रहेका सार्वजनिक स्थलहरु नदी, खोला, नाला, पोखरी, ताल तलैया, पार्क उद्यान एवं धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक धरोहर, खुला स्थान तथा अन्य सार्वजनिक स्थलको सरसफाइ थप प्रभावकारी बनाई स्वच्छ, स्वस्थ, सफा, सुन्दर, सभ्य र समृद्ध नगरको पहिचान कायम गर्न स्थानीय सरकार, निजी तथा सहकारी क्षेत्र, सामाजिक अभियन्ता, नागरिक समाज तथा आम नागरिकलाई सरसफाइको अभियानमा स्वस्फूर्त रुपमा परिचालन गरी सरसफाइ कार्यक्रमलाई थप प्रभावकारी, संस्थागत एवं दिगो वनाउनको लागि सार्वजनिक क्षेत्रको सरसफाइ सम्वन्धी कार्यविधी, २०७६ स्वीकृत गरी लागू गरिएको छ। उक्त कार्यविधीमा सरसफाइ कार्यक्रम संचालनको रणनीति तथा संचालन बिधी, सरसफाइ गरिने क्षेत्रहरु, सरोकारवाला निकायहरु तिनका भूमिका, नगर स्तरीय सरसफाइ अभियान समितिको गठन, काम, कर्तव्य एवं अधिकार, वडा स्तरीय सरसफाइ अभियान समितिको गठन, काम कर्तव्य र अधिकार समेतको किटान गरिएको छ।

**फोहरमैला व्यवस्थापन कार्यप्रकृया**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार कोहलपुर नगरपालिकामा कूल घरधुरी संख्या २१,२५१ तथा घर परिवार संख्या २४,३४६ रहेका छन। हाल नगरपालिकाले शहरी क्षेत्रका करिब ७,७०० घरधुरीबाट मात्र फोहर संकलन गरी व्यवस्थापन गर्दै आइरहेको छ। यस नगरपालिकाको खासगरी सहरी क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि सार्वनजिक, निजी साझेदारी अवधारणामा कोहलपुर नगरपालिका तथा जटायु रिसाइकल्स प्राइभेट लिमिटेड बिच १५ वर्षको लागि सम्झौता भई कुहिने अर्थात जैविक फोहरलाई प्राङ्गागरिक मल बनाउने तथा अजैविक फोहरलाई स्रोतमै न्यूनिकरण गर्ने, पुन:प्रयोग गर्ने तथा पुन:चक्रण गर्ने योजना सहित विभिन्न प्लान्टहरु स्थापना गर्ने सोच सहित काम अगाडी बढेको छ । फोहर मैला व्यवस्थनका लागि नगरपालिकाले सम्पूर्ण सम्झौता अवधिभरका लागि २ करोड रुपैयाँ उक्त संस्थालाई उपलव्ध गराउने, लाभग्राही घरतधुरीहरुबाट प्रारम्भमा प्रति घरधुरी रु ५० र आवस्यकता अनुसार वृद्धि गर्ने (हाल रु १०० देखि १५० रहेको) तथा उक्त संस्थाले खुद नाफाको २५ प्रतिसत नगरपालिकालाई फिर्ता गर्ने गरी सम्झौता भएको छ।

### स्रोतसाधन तथा पूर्वाधार

हाल कोहलपुर नगरपालिकामा फोहरमैला व्यवस्थापनका लागि देहायबमोजिमका स्रोतसाधन तथा पूर्वाधारहरु हरेका छन।

- नगरपालिकाको वडा नं ९ मा फोहरमैला रिसाइकलर्स सेन्टर स्थापना भएको छ।
- नकुहिने फोहरलाई पेलेर सानो अकार बनाउने बेलिङ्ग मेसिन जडान गरिएको छ।
- डम्पिङ्ग साइटका लागि सामुदायिक बनको जग्गा भाडामा लिई व्यवस्थापन मिलाइएको छ।
- नगरपालिका सँग एउटा सक्सन मेसिन, एउटा ट्रिपर र एउटा ट्याकटर रहेको छ भने निजी क्षेत्रबाट तीनवटा फोहर बोक्ने ट्याक्टर समेत परिचालन गरिएको छ।
- फोहरैला व्यवस्थापन कार्यको समन्वय गर्न नगरपालिकाको वातावरण शाखामा प्रशासन सेवाको एक जना अधिकृत, एक जना सहायक कर्मचारी तथा दुई जना चालक/अपरेटर रहेका छन।
- निजी क्षेत्रबाट समेत आवस्यकता अनुसार कामदार तथा कर्मचारीहरुको परिचालान हुने गरेको छ।[31]

### समस्या तथा चुनौतिहरु

शहरी क्षेत्रका बासिन्दा र व्यवसायीहरुको असहयोग तथा असमझदारी, साझेदार निजी संस्था जटायु रिसाइकल्स प्राइभेट लिमिटेडको कमजोर क्षमता र क्षमता वृद्धिप्रतिको उदासीनता, कूल घरधुरीको करिब एक तिहाई  घरधुरीको मात्र फोहर उठाउन सकिएको र दुई तिहाई घरधुरी तथा घरपरिवार सेवाको पहुँच बाहिर हुनु, सेवा प्रदायक र सेवाग्राहीहरु बिचको असमझदारी, साझेदार संस्था घाटामा रहेको भनी सम्झौता बमोजिमको रकम नगरपालिकाले फिर्ता पाउन नसकि सम्झौताका शर्त पालनाको कमजोर अवस्था, स्रोत साधन तथा जनशक्तिको अपर्याप्तता, दिगोपनाको अनिस्चितता लगायतका समस्याहरुका कारण यस नगरपालिकाको फोहरमैला व्यवस्थापन कार्य चुनौतिपूर्ण बनेको छ। सेवा प्रदायक तथा लाभग्राहीहरु बीच समुचित

[31] कोहलपुर नगरपालिका, वातावरण शाखाको अभिलेख

समन्वयको अभावका कारण पनि फोहरमैला व्यवस्थापनमा अपेक्षित उपलव्धी हासिल गर्न कठिनाई भैरहेको अवस्था छ।

## ६.२ विपद् जोखिम व्यवस्थापन

कोहलपुर नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउ, ज्यान र सार्वाजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै कृयाकलापको समन्वयत्मक र प्रभावकारी रुपमा कर्यान्वियनको लागि कोहलपुर नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ तर्जुमा गरी कार्यान्वियनमा ल्याएको छ । सो ऐनमा कोहलपुर नगर विपद् व्यवस्थापन समितिको गठन, बैठक, काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गर्नुका साथै वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकारको समेत किटान गरेको छ। सो ऐनको अधिनमा रही यस नगरपालिकामा उल्लिखित समितिहरु गठन भइ विपद् व्यवस्थापन कोषको समेत स्थापना भएको छ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनिकरण गरी मानविय क्षेति हुनबाट नगरबासी आम नगरिकलाई जोगाउनको लागि यस नगरपालिकाले 'कोभिड १९ को संक्रमणको जोखिमरहित वातावरणमा भौतिक कक्षा संचालन कार्यविधी, २०७८' निर्माण गरी कर्यान्वियनमा ल्याएको छ।

यस नगरपालिका क्षेत्रमा विभिन्न विपद जोखिमहरु मध्ये हुरीवतास, आगलागी, बाढी, सडक दुर्घटना, भुकम्प र सर्पदंशको असर प्रमुख रुपमा देखिएका छन् । उपरोक्त विपद् जोखिमहरुमा हाल विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड–१९ को असर मुख्य हुन गएको छ । विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक रुपमा सम्बोधनको लागि नगरपालिकामा नगरस्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ, वडा नं ६ मा वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन भैसकेको र अन्य वडाहरुमा पनि गठनको प्रकृयामा रहेका छन भने स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना भई संचालनमा रहेको छ। नगरपालिकामा एक विपद कोष रहेको र

उक्त कोषमा करिब २० लाख रुपैयाँ रहेको छ। नगरपालिकाको संवेदनशील क्षेत्रमा डुबान र चट्याङ्गको लागि पूर्व सूचना यन्त्र जडान गरिएको छ। विपद प्रतिकार्यको लागि नेपाल रेडक्रसको सहजीकरणमा नगरपालिकाको विपद् प्रतिकार्य योजना निर्माण भएको छ। प्रत्येक वडाहरुमा रेडक्रसकर्मी तथा स्वयंसेवकहरु परिचालन गरिएको छ। कोभिड–१९ महामारीको रोकथाम, नियन्त्रणको लागि कोभिड अस्पतालको निर्माण भएको छ। नगरपालिका र रेडक्रसको समन्वयमा क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन गरिएको छ। जलवायुजन्य प्रकोप रोकथाम र नियन्त्रणका लागि मौसमी क्यालेन्डर तयार गरी सार्वजनिक गरिएको छ। विभिन्न प्रकोपबाट प्रभावितहरुको पहिचान गरी लगत संकलन गरिएको छ। प्रकोपबाट प्रभावित व्यक्तिहरु मध्ये ५४ जनालाई राहत स्वरुप खाद्यान्न तथा आर्थिक सहयोग वितरण गरिएको छ।[32] यस प्रकारका कानुनी, संस्थागत तथा कार्यक्रमगत व्यवस्थाहरुका बावजुद पनि विपद कोषमा रकमको अपर्याप्तता, सरोकारवाला संघ संस्था तथा व्यक्तिहरुको आवस्यक सहयोग र समन्वयको अभाव, विपद व्यवस्थापनका लागि आवस्यक दक्षता भएका जनशक्ति तथा प्राविधिक स्रोत साधनको अभाव, नगरपालिकामा रहेका एम्बुलेन्स र बारुण यन्त्रको समुचित उपयोग र संचालन हुन नसक्नु जस्ता समस्याहरुले विपद व्यवस्थापन कार्य चुनौतिहरु बनेको छ।

### ६.३ धार्मिक तथा पर्यटकीय क्षेत्र

कोहलपुर धार्मिक विविधतायुक्त शहर हो । यहाँ धार्मिक सहिष्णुता झल्काउने विभिन्न धर्मावलम्बीहरुको धार्मिक स्थलहरु रहेका छन् । यस नगरपालिकामा कालिका मन्दिर, शिवमन्दिर, मनकामना मन्दिर, शिवालय, राधाकृष्ण मन्दिर, वैष्णोदेवी मन्दिर, जगन्नाथ किरण भवानी, रामजानकी मन्दिर, रानीघाट मन्दिर लगायतका दर्जनौं हिन्दू धर्मवालम्बीहरुका मन्दिरहरु छन् । विलिभर्स चर्च, बेथेल चर्च, गेश्वमी चर्च आदि क्रिश्चियन धर्मवालम्बीहरुका प्रमुख चर्चहरु हुन् । जहामिया मस्जिद, जहाँमिया कादरी आदि यहाँका मुस्लिम धर्मवालम्बीहरुका धार्मिक स्थलहरु हुन् । साथै यहाँ बुद्ध धर्मवालम्बीहरुको बौद्ध स्तुप पनि रहेको छ ।यहाँका विभिन्न खालका धार्मिक स्थलहरुमा दैनिक उल्लेख्य संख्यामा आन्तरिक पर्यटक तथा धर्मवालम्बीहरु आउने गर्दछन् । गिद्धेनी चौर, मध्यवर्ति, भ्यू टावर, बन्दा, हात्तीसार, नमूना पिकनिक पार्क जस्ता पर्यटकीय महत्वका स्थलहरु छन। पूर्वपश्चिम महेन्द्र राजमार्ग तथा प्रदेश नं. ६ र ७ को प्रवेशद्धारको रुपमा

[32] कोहलपुर नगरपालिका, वातावरण शाखाको अभिलेख

अवस्थित यस नगरक्षेत्रको पर्यटन तथा होमस्टे व्यवसायले फड्को मार्ने देखिन्छ । यस क्षेत्रमा प्रत्येक दिन आगन्तुकको संख्या बढ्दै गइरहेको छ ।

## ६.४ नदी, खोलानाला तथा ताल वा पोखरी

यस नगरपालिका क्षेत्र को करिव ६० किलोमिटर क्षेत्रमा डुडुवाखोला, किरणनाला, सानो डुडुवानाला, इटानाला, रोहीणीखोला, रानीघाट लगायतका खोलाहरु बग्ने गर्दछन् । भूतैया ताल, जोरत्ते टप्पर, जोरत्ते सिमसार क्षेत्र र ताल यस नगरपालिकामा अवस्थित छन् ।[33]

[33] कोहलपुर नगरपालिकाको नगर वस्तुगत विवरण, २०७४

# खण्ड ७: सुझाव तथा भावि कार्यदिशा

कोहलपुर नगरपालिकाको पूर्वाधार विकास, आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय लगायत समग्र क्षेत्र सँग सम्वन्धि प्राप्त तथ्यांक तथा जानकारीहरुको विश्लेषणका आधारमा देखिएका सुधार गर्नुपर्ने पक्षहरु तथा आगामी दिनमा नगरपालिकाले अङ्गिकार गर्नुपर्ने कार्यदिशाका अन्तर्वस्तुहरु यस खण्डमा प्रस्तुत गरिएको छ।

- स्थानीय विकासको सबैभन्दा अग्र भागमा देखिने सुन्दर मुहार भौतिक विकासको माध्यमबाट नै प्रकट हुन्छ। नगर कार्यपालिकाले आ.व. २०७५/०७६ मा ५३ वटा ठूला तथा नगरका गौरवका कार्यक्रम घोषणा गरी तिनिहरुको कार्यान्वयन गर्न सो आर्थिक वर्षका लागि रु. 15,26,37,805.०९।÷ बजेट समेत विनियोजन गरिएको थियो। तर ती आयोजनाहरुको भौतिक तथा वित्तिय प्रगतिको निरन्तर निगरानी, अभिलेखिकरण र प्रभावको मूल्याङ्कन गरि पृष्ठपोषण समेत लिनु अपरिहार्य हुने भए पनि सो गरेको देखिएन । ह्युम पाइप खरिद, सडक ग्रावेल गर्ने, कन्टिन्जेन्सी सम्वन्धी कार्य, तारबार गर्ने, साधारण प्रकारका नाली निर्माण गर्ने, गत वर्षको भुक्तानी गर्नुपर्ने जस्ता हल्काफुल्का कार्यक्रमहरु समेत यस अन्तर्गत सूचिकृत गरिएको छ । नगरपालिकाको गौरव र प्रतिष्ठा बढाउने अपेक्षा गरिने नगर गौरवका आयोजनाहरुको छनोट गर्दा सामान्य त: ठूलो बजेट आवस्यक हुने, नगरपालिकाको विकासमा कोशेढुंगा बन्ने र बहुवर्षीय प्रकृतिका सिमित र सम्भाव्य आयोजनाहरुलाई पहिचान गरी, तिनिहरुको बहुआयामिक सम्भाव्यता अध्ययन गरी, विस्तृत परियोजना प्रतिवेदन तयार गरि, पर्याप्त स्रोत साधन परिचालनको सुनिस्चितता र निरन्तरको अनुगमन मूल्याङ्कन गरी सम्पन्नताको सुनिश्चित गर्ने परिपाटिको आवस्यकता देखिन्छ।
- संगठन संरचनालाई चुस्त र छरितो बनाउने तथा अन्तर÷शाखा सम्बन्ध, समन्वय र संचारलाई प्रभावकारी बनाई स्थानीय सरकारको प्रभावकारी उपस्थिति प्रदर्शन गर्न अवस्यक रणनीति बनाई अगाडी बढ्न आवस्यक देखिएको छ।
- कोहलपुर नगरपालिकाको सौन्दर्य र विकासमा भवनहरुको निर्धारित मापदण्ड कार्यान्वयन र नक्सा पासको अनिवार्यताले ठूलो भूमिका खेल्छ। तसर्थ व्यवस्थित

